## विशेष इजलास

१

**मा.न्या.श्री बलराम के.सी., मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** रिट नं. २०६३-WO-०३८७, उत्प्रेषण, *आनन्द आर. बनर्जी वि. आन्तरिक राजश्व विभाग, काठमाडौं समेत*

कानूनबमोजिम बाहेक कुनै कर लगाइने र उठाइने छैन भन्ने तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७३(१) तथा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८९(१) मा रहेको संवैधानिक प्रावधानविपरीत एवं यस अदालत पूर्ण इजलासबाट प्रतिपादित नजीर सिद्धान्तको प्रतिकूल अनुमानित उत्पादनको आधारमा संशोधित आयकर निर्धारण गरेको ठूला कारदाता, कार्यालयको मिति २०६३।६।२७ को आदेशमा उल्लिखित रकम आयमा समावेश गर्ने भनी गरेको आदेशसम्म मिलेको नदेखिँदा सो हदसम्म निवेदन मागबमोजिम उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : पुनाराम खनाल

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६६ साल चैत १९ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री बलराम के.सी., मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** रिट नं. २०६३-WS-००१६, उत्प्रेषण समेत, *हर्ष एम. दर समेत वि. आन्तरिक राजश्व कार्यालय, सिमरा बारा समेत*

राजश्व न्यायाधिकरण ऐन, २०३१ अन्तर्गत न्यायाधिकरणमा दायर गरिने पुनरावेदन साथ निर्धारित भन्सार महसूल वा अन्तःशुल्कको रकम र जरीवानाको रकम समेत धरौट राख्नुपर्ने कार्यविधिगत व्यवस्था तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७३ तथा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८९ मा रहेको कानूनबमोजिम बाहेक कर लगाउन वा ऋण लिन नपाइने संवैधानिक प्रावधानसँग के कसरी बाझियो भन्ने कुरा निवेदकले सारभूत रूपमा पुष्ट्याई दिई दावी लिन सकेको पाइएन । निवेदकले नितान्त निजी हक हितमा असर परेको कुरा उल्लेख गरी अमूक कानूनको व्यवस्था बाझिएको भनी गोश्वारा रूपमा दावी लिएकै आधारमा विधायिकी प्रक्रियाद्वारा निर्मित कानूनलाई न्यायिक पुनरावलोकनको विशिष्ट अधिकारक्षेत्र प्रयोग गरी अमान्य र बदर गर्नु न्यायिक मूल्य र मान्यताविपरीत हुन जान्छ । कानूनबमोजिम स्थापित निकायबाट माग गरेको अन्तःशुल्क रकम वा भन्सार महसूलउपर चित्त नबुझ्ने पक्षले पुनरावेदन गर्दा राख्नुपर्ने धरौटीको रकमको सम्बन्धमा ऐनले गरेको व्यवस्था संविधानमा रहेको "कानूनबमोजिम बाहेक कर लगाउन वा ऋण लिन नपाइने" भन्ने बाक्यांशसँग बाझिको भन्ने देखिन आएन । पुनरावेदन गर्दा धरौट राख्नुपर्ने ऐनको दफा ९ को व्यवस्थाले निवेदकको मौलिक हकमा अनुचित बन्देज लगाएको वा संवैधानिक प्रावधानसँग बाझिएको भन्ने अवस्था नदेखिने ।

इजलास अधिकृत : पुनाराम खनाल

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६६ साल चैत १९ गते रोज ५ शुभम् ।

यसमा यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- रिट नं. २०६३-WS-००१३, उत्प्रेषण समेत, *हर्ष एम. दर समेत वि. आन्तरिक राजश्व कार्यालय, सिमरा बारा समेत*
- रिट नं. २०६३-WS-००१४, उत्प्रेषण समेत, *हर्ष एम. दर समेत वि. आन्तरिक राजश्व कार्यालय, सिमरा बारा समेत*
- रिट नं. २०६३-WS-००१५, उत्प्रेषण समेत, *हर्ष एम. दर समेत वि. आन्तरिक राजश्व कार्यालय, सिमरा बारा समेत*
- रिट नं. २०६३-WS-००१७, उत्प्रेषण समेत, *हर्ष एम. दर समेत वि. आन्तरिक राजश्व कार्यालय, सिमरा बारा समेत*

## पूर्ण इजलास

१

**मा.न्या.श्री तपबहादुर मगर, मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** २०६६-CF-०००८, कर्तव्य ज्यान, *गीरबहादुर बराम वि. नेपाल सरकार*

अदालतमा बयान गर्ने क्रममा आफू कहिलेकाहीं बेहोस हुने गरेको र आफूले गरेको कामको परिणाम अरूले बताएपछि थाहा पाउने भनी बयान गरे तापनि कानूनी व्यवस्थाबमोजिम आफूले गरेको कामको प्रकृति र परिणाम थाहा नपाउने गरी मगज बिग्रेको वा बौलाएको भन्ने तथ्य प्रमाणित हुने अवस्था देखिएन । मृतकको घाँटीमा धारिलो हतियार हँसिया प्रहार गर्दा आफ्नो मानसिक अवस्था ठीक थिएन भनी लिएको पुनरावेदन जिकीर मिसिल संलग्न तथ्यबाट पुष्टि हुन नसकेको विद्यमान अवस्थामा दण्ड सजायको १ न. को कानूनी व्यवस्था प्रतिवादीको हकमा आकर्षित नहुने ।

प्रतिवादी गीरबहादुर बरामलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ न. को कसूर अपराधमा ऐ.को १३ को देहाय ३ अनुसार सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृत : पुनाराम खनाल

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६७ साल बैशाख ९ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**सं.प्र.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६३ सालको दे.पु.नं. ०००५, सम्बन्ध बिच्छेद, *राजन बिष्ट वि. चन्द्रकला बिष्ट (थापा)*

प्रतिवादी चन्द्रकला बिष्टले निजको लोग्ने राजन बिष्टको मञ्जूरीबेगर मिति २०५२।८।२५ देखि लोग्नेसँग अलग बसी आएको भन्ने कुरा प्रतिवादीको बाबु बासुदेव थापाले वादीउपर जिल्ला प्रशासन कार्यालय ललितपुरमा केही सार्वजनिक अपराध मुद्दा दायर गरेबाट समेत पुष्टि हुन आउँछ । चन्द्रकला बिष्टको बाबु बासुदेव थापाले वादी राजन बिष्टउपर मिति २०५२।८।२५ मा जिल्ला प्रशासन कार्यालय ललितपुरमा केही सार्वजनिक अपराधको जाहेरी दिई यी प्रतिवादीको लोग्ने यस मुद्दाका वादी राजन बिष्ट थुनामा समेत रहेबाट सोपश्चात् प्रतिवादी चन्द्रकला बिष्ट लोग्ने राजन बिष्टसँगै रहेको बसेको भन्न र मान्न मिल्ने अवस्था देखिँदैन । तसर्थ मिसिलमा संकलित प्रमाणहरू र तथ्यको अध्ययन गर्दा प्रतिवादी चन्द्रकला बिष्टले २०५१।१।२८ गतेदेखि अलग बसी आएको भन्ने वादी दावीलाई अन्यथा भन्न नमिल्ने ।

प्रतिवादी चन्द्रकला मिति २०५१।१।२८ देखि हालसम्म १५ वर्षभन्दा पनि बढी अवधिसम्म वादी लोग्ने राजन बिष्टसँग नबसी आएको तथ्यगत रूपमा पुष्टि भएको अवस्थामा मुलुकी ऐन, लोग्ने स्वास्नीको १(१) नं. बमोजिम वादीले प्रतिवादीसँग लोग्ने स्वास्नीको सम्बन्ध बिच्छेद गर्न पाउने ।

इजलास अधिकृत : हरि कोइराला

कम्प्युर : मुकुन्द बिष्ट

इति संवत् २०६७ साल असार १७ गते रोज ५ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री बलराम के.सी.,** २०६६ सालको र.नं. ०६६-WH-००३९, बन्दीप्रत्यक्षीकरण, *राजेशबहादुर सिंह वि. जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाडौं समेत*

निवेदकलाई मिति २०६६।१०।२८ देखि २०६६।११।५ सम्म थुनामा राखेको अवधि गैरकानूनी देखिएको तथा निज विरूद्ध शान्ति अधिकारीको जाहेरी परेको कर्तव्य ज्यान मुद्दामा निवेदक हातहतियार खरखजाना मुद्दामा थुनामा रहँदाकै अवस्थामा पनि सो मुद्दामा अनुसन्धान कार्य अगाडि बढाउनु पर्नेमा विपक्षीहरू मौन बसी हाल आएर अनुसन्धानको कार्य अगाडि बढाएको कार्य सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ विपरीत छ भनी लिएको निवेदन दावी सम्बन्धमा अध्ययन गर्दा निवेदकलाई अनुसन्धान कार्यमा संलग्न प्रहरी कर्मचारीको हेलचेक्र्याईं वा लापरवाहीको कारणबाट कानूनविपरीत मिति २०६६।१०।२८ देखि २०६६।११।५ सम्म थुनामा राखी निवेदकलाई नेपालको अन्तरिम सविधानको धारा २४(३) द्वारा प्रदत्त मौलिक हकमा आघात परेको अवस्था स्पष्ट देखिने ।

रिट निवेदकलाई गैरकानूनी थुनामा राखेको मिति २०६६।१०।२८ देखि २०६६।११।५ सम्मको अवधिको लागि क्षतिपूर्ति भराउनु वाञ्छनीय देखिँदा

सोबापत निवेदकलाई दैनिक रू.५० का दरले क्षतिपूर्ति उपलब्ध गराउनु भनी विपक्षीमध्येका महानगरीय प्रहरी परिसर हनुमानढोका काठमाडौंका नाममा निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६६ साल फागुन २५ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको रिट नं. १०५२, उत्प्रेषण, *धनकुमारी गौचन वि. क्षेत्रीय शिक्षा निर्देशनालय, पोखरा समेत*

निवेदकले स्थायी व्यक्ति खटी आएमा वा जिल्ला शिक्षा कार्यालयले अर्को व्यवस्था गरेमा स्वतः आफ्नो स्थायी पद प्राथमिक तृतीय श्रेणीको शिक्षकमा फिर्ता हुने शर्तमा अस्थायी रूपले बहन गरेको नि.मा.वि. शिक्षक र मा.वि. को प्रधानाध्यापकको जिम्मेवारीलाई निजको स्थायी पद सरह कानूनले संरक्षण प्रदान गर्नसक्ने नदेखिँदा निजलाई नि.मा.वि. तह तृतीय श्रेणीको अस्थायी शिक्षक पदबाट प्राथमिक तहको निजको स्थायी पदमा फिर्ता गरी सरूवा गर्नसक्ने अधिकार प्राप्त अधिकारीबाट भएको सरूवालाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६७ साल जेठ ११ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको रिट नं. ०२२०, उत्प्रेषण, *रामबहादुर खड्गी वि. गुठी संस्थान केन्द्रीय कार्यालय, डिल्लीबजार काठमाडौं समेत*

कुनै पनि जग्गा जबसम्म विधिवत् रूपमा दर्ता हुँदैन तबसम्म त्यसउपर कुनै पनि व्यक्ति वा संस्थाको हक स्थापित हुन नसक्ने ।

निवेदकले दावी लिएको जग्गा दर्ता गर्ने क्रममा आवश्यक प्रमाणको मूल्याङ्कन गरी सोही प्रमाणको आधारमा गुठी तैनाथी जग्गा हो वा होइन र निवेदक उक्त जग्गाको मोही कायम हुन सक्ने हो वा होइन भन्ने निश्चित हुने नै देखिन्छ । पछि यस प्रकारको निर्णय गर्दा सो निर्णयबाट असर परेमा कानूनी उपचारको मार्ग अवलम्बन गर्न पाउने निवेदकको हक सुरक्षित नै रहेको देखिने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६७ साल असार ६ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको रिट नं. ३४६६, उत्प्रेषण, *राजकुमार अधिकारी समेत वि. गुठी संस्थान केन्द्रीय कार्यालय समेत*

मालपोत ऐन, २०३४ को दफा ८(३) को कानूनी व्यवस्था हेर्दा प्रचलित कानूनबमोजिम भएको मिलापत्रको आधारमा मालपोत कार्यालयले जग्गा दर्ता वा दाखिल खारेज गर्दा सम्बन्धित जग्गाको साविक दर्ता मोठ वा नम्बरीसँग भिड्न आएमा मात्र त्यस्तो जग्गाको दर्ता वा दाखिल खारेज गर्नेछ भनी उल्लेख भएको देखिन्छ । उक्त कानूनी व्यवस्थाबाट साविक मोठ, दर्ता वा नम्बरीसँग नभिड्ने गरी मिलापत्र भएमा त्यस्तो जग्गाको दर्ता वा दाखिल खारेज गर्न मालपोत कार्यालय बाध्य नहुने स्पष्ट देखिन्छ । प्रस्तुत मुद्दामा पनि मोहीको हक प्राप्त सुमित्रा खड्काले निवेदकहरूलाई जग्गाधनीको हैसियत प्रदान गर्ने गरी गरेको मिलापत्र मालपोत ऐन, २०३४ को दफा ८(३) को कानूनी व्यवस्था समेतको आधारमा कार्यान्वयन हुनसक्ने अवस्थाको देखिन नआउने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६७ साल असार ६ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको फौ.पु.नं. ०२८६, लागू औषध ब्राउन सुगर, *नेपाल सरकार वि. प्रेम गुरूङ*

प्रतिवादीहरूले अनुसन्धानको क्रममा र अदालतसमक्ष गरेको बयानबाट समेत निजहरूउपर लागू औषध सेवन र बिक्री गर्ने व्यक्ति भएको देखिन्छ । यस स्थितिमा प्रतिवादीमध्येका प्रेम गुरूङलाई निजकै कोठाबाट लागू औषध बरामद भएको बरामदी मुचुल्का

र प्रतिवेदनबाट उठान भएको मुद्दामा लागू औषध कारोवार तथा सेवनमा सजाय गरी प्रस्तुत मुद्दामा केही गरी रहनु परेन भनी पुनरावेदन अदालतबाट भएको फैसला अन्यथा भन्न मिलेन । एउटै व्यक्तिले एकै ठाउँबाट ल्याएको लागू औषध बिक्री गरी दुई ठाउँबाट बरामद हुँदैमा उक्त वारदातलाई अलग-अलग कायम गरी सजाय पनि अलग-अलग हुनु पर्छ भन्न नमिल्ने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६७ साल असार ७ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** २०५९ सालको दे.पु.नं. ९१५६, फैसला बदर हक कायम समेत, *केदारलक्ष्मी श्रेष्ठ वि. मु.स.गर्ने रोशन थापा समेत*

पुनरावेदक वादीहरूका वारेसले मालपोत कार्यालयमा चलेको मुद्दामा विपक्षीबाट दावी लिई पेश गरेका कागजातहरू निज पुनरावेदक वादीहरूलाई सम्झाउने बुझाउने भनी उल्लेख गरेबाट यी पुनरावेदक वादीहरूले भक्तपुर जिल्ला अदालतबाट मिति २०५०।५।२३ मा र पुनरावेदन अदालत पाटनबाट मिति २०५२।१।२७ मा भएको फैसलाको जानकारी निजहरूका वारेस प्रदीपकुमार श्रेष्ठले बयान गरेको मिति २०५३।२।२३ का दिन पनि थाहा पाएको मान्नुपर्ने अवस्था देखिँदा फिराद पत्रमा उल्लेख गरिएबमोजिम उल्लिखित फैसलाहरू मिति २०५३।६।२५ मा मात्र थाहा पाएको भनी लिइएको फिराद दावी एवं पुनरावेदन जिकीर तथ्यसंगत रूपको देखिन आउँदैन । अख्तियारी प्राप्त वारेसले थाहा पाउनु भनेको पक्षले नै थाहा पाउने हो । यसप्रकार प्रारम्भिक अवस्थाबाट नै प्रस्तुत फिराद अ.ब. ८६ नं अनुरूपको ३५ दिनको हदम्याद नघाई दायर हुन आएको देखिँदा प्रस्तुत मुद्दाको तथ्यभित्र प्रवेश गरी को कसको दावी पुग्ने हो, होइन भन्ने विषयमा थप विवेचना गर्नुपर्ने अवस्था समेत देखिन नआउने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६६ साल माघ २५ गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको दे.पु.नं. ०६५-CI-०८२८, खिचोला हक कायम, *देवेन्द्र थापा श्रेष्ठ वि. केदारलक्ष्मी श्रेष्ठ समेत*

प्रतिवादीले जिकीर लिएको २०२१।९।२६ को छोडपत्रको लिखत हेर्दा सो लिखतमा इन्द्रलालको छोरा प्रेमलाल दिने र लिने प्रतिवादीका बाबु, काका, समेतका ६ जनालाई छोडपत्र गर्ने आधारको रूपमा १९९३ सालको फैसलालाई लिएको देखिन्छ । तर, उक्त छोडपत्रको व्यहोरामा १९९३ सालको फैसलाबमोजिम कुन कुन कित्ता जग्गाहरू आफ्नो-आफ्नो पूर्ण स्वामित्वमा आएका हुन् भनी उल्लेख नगरी केवल रामभक्तको नाउँको भनी विवादित साविक लगतमात्र उल्लेख गरेको देखिन आउँछ । आफ्नो पूर्ण स्वामित्वमा आई नसकेको अर्काको नाउँको जग्गा छोडपत्र गरिदिएको भनी लेखिएकै आधारमा मात्र पनि दावीको जग्गामा प्रतिवादीको हक कायम हुने देखिन नआउने ।

दावीको कि.नं. ६६९ र ७५१ को जग्गामा वादीहरूका बाजेको हक स्थापित भइसकेको तथा बाजेको मृत्यु पछि वादीहरूका बाबुको हक कायम हुन आउनेमा हाल वादीहरूका आमा बाबुको समेत मृत्यु भै सकेको अवस्थामा मुलुकी ऐन, अपुतालीको महलको २ नं. स्वतः क्रियाशील हुने देखिन्छ । उक्त अपुतालीको महलको २ नं. को व्यवस्था अध्ययन गर्दा अपुताली पर्दा मर्नेको लोग्ने स्वास्नी, छोरा विवाहिता छोरी, छोराको छोरा वा निजको अविवाहिता छोरी, विधवा बुहारी नभएमा विवाहिता छोरीले अपुताली खान पाउने क्रम तोकिदिएको देखिन्छ । यस सन्दर्भबाट हेर्दा प्रस्तुत मुद्दामा मर्ने रामजी थापा श्रेष्ठ तथा निजको छोरा रामभक्त थापा श्रेष्ठको अपुताली निजका विवाहिता छोरीहरू अर्थात् वादीहरूले पाउने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६६ साल माघ २५ गते रोज २ शुभम् ।

- यसमा यसै लगाउको २०६५ सालको दे.पु.नं. ०८२७, हक कायम, *देवेन्द्र थापा श्रेष्ठ वि. केदारलक्ष्मी श्रेष्ठ समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

८

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६१ सालको दे.पु.न ८६०६, कुत दिलाई मोही निष्काशन, *भरत मण्डल धानुक वि. बिन्देश्वरीवती वैश्यनी*

भूमिसम्बन्धी ऐन, २०२१ मा २०५३ सालमा भएको चौथो संशोधनले मोहीको हकलाई मजबुत बनाउने उद्देश्य राख्दै मोही कायम भएको जग्गा मोही र जग्गाधनीबीच बाँडफाँड गर्नुपर्ने कानूनी व्यवस्था समावेश गरिएको पाइन्छ । उक्त कानूनी प्रावधानबाट मोहियानी हक कायम भएको जग्गाको स्वामित्वमा आधा हक मोहीको पनि सुरक्षित गर्ने भन्ने ऐनको मनसाय प्रष्ट रूपमा रहेको देखिन्छ । सो ऐनमा भएको चौथो संशोधन मिति २०५३।९।२४ मा लागू भई अस्तित्वमा आइसकेको अवस्थामा त्यसको करीब तीन वर्ष पछि २०५६ मा आएर प्रतिवादी मोहीले २०५६ सालको कुत बाली नबुझाएकोले बाली दिलाई मोही निष्काशन गरिपाऊँ भनी दावी गरेको देखिन आउँछ । यसरी दावीको जग्गाको आधा भागमा पुनरावेदक प्रतिवादीको पनि हक स्वामित्व रहेको अवस्थामा सो जग्गाको एक वर्षको कुत जग्गाधनीलाई नबुझाएको भन्ने आधारमा मात्र पुनरावेदक प्रतिवादीलाई निजको मोही हकबाट निष्काशन गर्नु न्यायसंगत नदेखिने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६६ साल माघ २५ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६-WO-००८१, उत्प्रेषण, परमादेश, *रामकृष्ण काफ्ले समेत वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदनमा उठाइएको विषय त्रिभुवन विश्वविद्यालयद्वारा सञ्चालित प्रवीणता प्रमाणपत्र तहको शैक्षिक सत्र हाल सञ्चालनमा आइरहेको भन्ने देखिएकोले निवेदनमा उठाइएको विषयवस्तु प्रयोजनहीन समेत भैसकेको तथा नेपाल सरकार तथा त्रिभुवन विश्वविद्यालयले लिने नीतिगत विषयमा अदालतले हस्तक्षेप गर्नु उपयुक्त नहुने समेतका आधार एवं कारणबाट निवेदन मागबमोजिम विपक्षीहरूका नाउँमा उत्प्रेषण, परमादेशलगायत अन्य उपयुक्त आदेश जारी गरिरहनु पर्ने अवस्था देखिन नआउने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६६ साल फागुन २६ गते रोज ४ शुभम् ।

१०

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. ३३३३, उत्प्रेषण मिश्रीत परमादेश, *सरोज गोयल वि. पुनरावेदन अदालत, पाटन समेत*

निवेदनमा दावी लिएको जग्गामा निवेदकले बाटो प्रयोग गर्न पाउने नपाउने सम्बन्धी विषयवस्तु हाल काठमाडौं जिल्ला अदालतमा विचाराधीन अवस्थामा नै रहेको अवस्थालाई मध्यनजर राखी पुनरावेदन अदालतबाट कार्यविधिको क्रममा तल्लो अदालतबाट भएको आदेशउपर सुनुवाई गरी मिति २०६३।१।१५ मा भएको आदेशबाट एकातर्फ कार्यविधिको सिलसिलामा उत्पन्न विवदको समाधान हुन पुगेको अवस्था देखिन्छ भने अर्कोतर्फ सो आदेशले विचाराधीन अवस्थामा रहेको करारीय दायित्व पूरा गराई बाटो कायम गरिपाउँ भन्ने मुद्दाको कारवाहीलाई कुनै असर पारेको देखिन आउँदैन । यसैगरी निवेदनमा उठाइएको विषयवस्तुको प्रकृति पनि विचाराधीन रहेको मुद्दाको फैसला भएको बखत टुङ्गो लाग्ने नै अवस्थाको देखिँदा यस विषयका सम्बन्धमा यस अदालतबाट पुनः आदेश गर्दा सो विचाराधीन मुद्दाको निर्णयलाई समेत असर पर्नसक्ने देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६६ साल फागुन २६ गते रोज ४ शुभम् ।

११

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६-WH-००५७, बन्दीप्रत्यक्षीकरण, *जीतबहादुर गुरूङ्ग वि. पुनरावेदन अदालत, पाटन समेत*

निवेदकको नाममा पुनरावेदनको म्याद जारी भई मिति २०५९।१२।१४ मा तामेल भएको म्याद निवेदकले लेखाएकै वतनमा अ.वं. ११० नं. को देहाय (१) मा उल्लिखित रीतसँग तामेल भएको अवस्थामा केवल गा.वि.स.को कार्यालयको छाप सो तामेली म्यादमा नलागेको भन्ने आधारमा मात्र बेरीतसँग तामेल भएको भन्न नमिल्ने हुँदा हाल निवेदकलाई पुनरावेदन अदालत पाटनको मिति २०५९।९।१६ को फैसलाअनुसार लागेको कैद, जरीवाना असूलीको क्रममा पक्राउ गरी फैसला कार्यान्वयनको प्रयोजनार्थ कैदमा राखेको कार्य कानूनअनुरूपको देखिन आउँदा निवेदन माग दावीबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नपर्ने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६७ साल असार १५ गते रोज ३ शुभम् ।

- यसमा यसै लगाउको २०६६ सालको रिट नं. ०६६-WH-०९८३, उत्प्रेषण परमादेश, *जीतबहादुर गुरूङ्ग वि. पुनरावेदन अदालत, पाटन समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

१२

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको फौ.पु.नं. ०१०६, कर्तव्य ज्यान, *बुद्धिलाल राजबंशी वि. नेपाल सरकार*

मृतक र प्रतिवादीका बीच कुनै रिसइवी भई मार्नु पर्नेसम्मको कारण मिसिलबाट देखिदैन । केवल भाईको विवाहको लागि खोजेको केटी मृतकले भड्काएको विषयमा मृतकसँग कुराकानी गर्दा विवाद हुन गई उसै बखत उठेको रिस थाम्न नसकी प्रतिवादीले मृतकलाई हातले कुटपीट गरेको देखिन्छ । यस स्थितिमा प्रतिवादीको कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) अन्तर्गतको नभई सोही महलको १४ नं. अन्तर्गतको देखिने ।

इजलास अधिकृत : कृष्णमुरारी शिवाकोटी

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६७ साल असार ९ गते रोज ४ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६३ सालको दे.पु.नं. ०६३-CI-०४२१, निर्णय दर्ता बदर, दाखिल कायम, *जगदीश साह हलुवाई वि. गुठी तथा खर्च कार्यालय, धनुषा समेत*

वादीले दावी लिएको जग्गा २०२६ सालको सर्भे नापीमा रत्नसागर गुठीका नाममा नापी भएको कुरा नापी शाखा धनुषा जनकपुरबाट प्राप्त क्षेत्रीय किताब उतारको प्रतिलिपिबाट देखिन आउँछ । २०४२/०४३ सालको शहरी नापीमा उक्त जग्गा जनकपुर न.पा. वार्ड नं. ८ सिट नं. १३५४-१५ कि.नं. १२ मा ०-४-११-३ र सि.नं. १३५-४-१०, कि.नं. ५४ मा ०-२-०-० कायम भई नापी भएको र जग्गावालाको नाम थर वतनमा गुठी संस्थान रत्नसागर गुठी उल्लेख भएको कुरा पनि जनकपुर गुठी तथा तहसील खर्च कार्यालयको मिसिल संलग्न क्षेत्रीय किताब उतारबाट देखिन आएको छ । वादीले लिखत गरी लिएको भनेको जग्गा २०२६ सालको नापीमा र २०४२ सालको नापीमा रत्नसागर गुठीका नाममा नापी दर्ता भएको देखिँदा वादीले उक्त जग्गामा आफ्नो हक भएको भनी दावी गर्न नमिल्ने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम

कम्प्युटर : बिपनादेवी मल्ल

इति संवत् २०६६ साल माघ २० गते रोज ४ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६३ सालको दे.पु.नं. ०६३-CI-०४१९, निर्णय दर्ता बदर, *मुनी तमोलिनी वि. गुठी तथा खर्च कार्यालय, धनुषा समेत*
- २०६३ सालको दे.पु.नं. ०६३-CI-०४२०, निर्णय दर्ता बदर, *जितनी तमोलिनी वि. गुठी तथा खर्च कार्यालय, धनुषा समेत*

२

**मा.न्या.श्री बलराम के.सी.र मा.न्या.श्री प्रेम शर्मा,** २०६२ सालको रि.नं. ३०५५, उत्प्रेषण, परमादेश समेत, *रामदुलारे भुजुवा समेत वि. जिल्ला प्रशासन कार्यालय बाँके समेत*

विवादित सम्पत्ति सार्वजनिक सम्पत्ति नभै प्रेमा भुजुवाको निजी सम्पत्ति भएको र निजको मृत्युपश्चात् उक्त सम्पत्ति खाने हकवाला हुँदाहुँदै र उक्त सम्पत्तिको हकका सम्बन्धमा अदालतमा मुद्दा परिसकेपछि उक्त मुद्दा विचाराधीन रहेकै अवस्थामा जिल्ला प्रशासन कार्यालयबाट विवादित सम्पत्ति नेपाल सरकारको हुने ठहऱ्याएको निर्णय कानूनप्रतिकूल हुनुको साथै उक्त सम्पत्तिका सम्बन्धमा जिल्ला अदालतबाट न्यायिक प्रक्रिया अवलम्बन गरी प्रमाणको मूल्याङ्कन गरी फैसला भई यी निवेदकको हक कायम भएको र पुनरावेदन अदालतबाट समेत उक्त फैसला सदर भैसकेकोमा हक प्राप्त नागरिकको सम्पत्ति नेपाल सरकारको हुन नसक्ने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६६ साल माघ ७ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री बलराम के.सी.र मा.न्या.श्री प्रेम शर्मा,** २०६३ सालको रि.नं. ०६३-WO-१२२२, उत्प्रेषण मिश्रित परमादेश समेत, *मनादेवी बस्नेत वि. महेन्द्रनगर नगर विकास समिति समेत*

असाधारण अधिकारक्षेत्रअन्तर्गतको रिट स्पष्ट र निर्बिवाद हक अधिकारको हनन् भएमा सोको प्रचलनको लागि मात्र हुने हो । रिट क्षेत्रबाट प्रमाण बुझी हक बेहकमा इन्साफ गर्ने हुँदैन । अर्थात् हक बेहकको प्रमाण बुझ्ने वा हक कायम गर्ने जस्ता कुरा रिट क्षेत्रअन्तर्गत पर्दैन । तसर्थ प्रस्तुत विवादमा पनि यी निवेदक मनादेवीले दावी गरेको विवादित जग्गामा निजले दावी गरेको पूर्ववर्ती हकदार रामदेवीको हक नै स्थापित हुन नै नसकी निर्विवाद हक अधिकार स्थापित हुन नसकेको अवस्थामा यी निवेदिकाको हक स्थापित गर्ने भन्ने कुरामा रिट क्षेत्रबाट प्रमाण बुझी इन्साफ गर्न नमिल्ने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६६ साल माघ ७ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री बलराम के.सी.र मा.न्या.श्री सुशीला कार्की,** २०६५ सालको दे.पु.नं. ०६५-CI-०७५३, मोही लगत कट्टा, *रक्सी थरूनी वि. सुखलाल चौधरी*

घरबासको लागि जग्गावालाले तोकिएको विभिन्न हदसम्म जग्गा झिक्न पाउने व्यवस्था गरेको देखिन्छ । सोअनुरूप जग्गा झिक्न पर्दा जग्गाको तत्कालीन मूल्यको २५ प्रतिशत क्षतिपूर्तिको रूपमा जग्गाधनीबाट मोहीलाई दिलाई झिक्न पाउने गा.वि.स. वा नगरपालिकाले आदेश जारी गर्नुपर्ने देखिन्छ । यस व्यवस्थाअनुसार गाउँ विकास समिति वा नगरपालिकाले नदिएसम्म त्यस्तो जग्गा झिक्न नपाइने देखिन्छ । यसबाट घरबारीको लागि जग्गा झिक्न पर्दा क्षतिपूर्तिको निर्धारित शर्त पूरा गरी गाउँ विकास समिति वा नगरपालिकाको आदेशले मात्र जग्गा झिक्न पाउने बाध्यात्मक कार्यविधिको व्यवस्था गरेको पाइन्छ । उक्त बाध्यात्मक कार्यविधिगत कानूनी व्यवस्था पूरा नगरी जग्गा झिक्न नपाइने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६६ साल फागुन २२ गते रोज ६ शुभम् ।

- यसमा यसै लगाउको २०६५ सालको दे.पु.नं. ०६५-CI-०७५२, मोही नामसारी, मोही नामसारी, *रक्सी थरूनी वि. सुखलाल चौधरी* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

५

**मा.न्या.श्री बलराम के.सी.र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको रिट नं. ०६६-WO-०५४०, उत्प्रेषण लगायत, *मारिया भिक्टोरिया सुबिराना रोद्रिगेज वि. अध्यागमन विभाग समेत*

अंश जस्तो साम्पत्तिक कुरा सम्पत्तिसम्बन्धी मौलिक हक भएको र अंश मुद्दा जिल्ला अदालतमा विचाराधीन रहेको भन्ने देखिँदा निवेदकले आफ्नो मुद्दामा पुर्पक्ष गर्न पाउने निजको नैसर्गिक हक भएको हुँदा र निवेदकको भीसा रद्द भएको स्थितिमा यी रिट निवेदक सहज रूपमा नेपालमा बसी आफ्नो मुद्दाको पुर्पक्ष सहज रूपमा गर्न नपाउने स्थिति हुन्छ । तसर्थ विचाराधीन अंश मुद्दाको अन्तिम किनारा

नलागेसम्मको लागि प्रचलित कानूनको अधीनमा रही निवेदकलाई नेपालमा सहज रूपमा बसी पुर्पक्ष गर्नको लागि निजको भीसा रद्द हुने स्थिति भन्दा पूर्ववत् रूपमा भएको सुविधा पाउने गरी भीसा उपलब्ध गराउनु भनी विपक्षी अध्यागमन विभागको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : बेदना अधिकारी
इति संवत् २०६७ साल बैशाख २७ गते रोज २ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री प्रकाश वस्ती,** २०५८ सालको दे.पु.नं. ८८५५, गाह्रो भत्काई खिचोला मेटाई पाऊँ, *गेहेन्द्रमान सिंह वि. हंसमान सिंह*

वादी गेहेन्द्रमानका नाउँमा ०-११-१-२ (न.नं. २), प्रतिवादी हंसमानका नाउँमा ०-१४-२ (न.नं. ३ र ५) र न.नं.४ मा विवादित भनी ०-३-० जग्गा देखिएको छ। सो नक्सालाई विश्लेषण गर्दा विवादित भनी देखाइएको न.नं. ४ को ०-३-० जग्गा वादीको नक्शामा देखाइएको ०-११-१-२ (न.नं.२) मा जोड्दा ०-१४-१-२ हुने देखिन्छ। यसबाट २०२१ सालको बण्डापत्रबाट प्राप्त प्रतिवादीको जग्गा सो नक्साअनुसार ०-१४-२ देखिइरहेको र विवादित जग्गा समेत वादीको जग्गामा जोड्दा मात्र बण्डापत्रमा वादीको अंश भागमा परेजति जग्गा पुग्ने देखिन्छ। प्रतिवादी हंशमान सिंहले गाह्रो लगाएको कुरामा भने विवाद गरेको नपाइएको र खाली पहिले गाह्रो लगाउँदा नै वादीलाई सो कुरा थाहा थियो सम्म मात्र भनेको पाइएबाट समेत यी प्रतिवादीले घरको बीचबाट गाह्रो लगाई करीब ०-३-० जग्गा खिचोला गरेको नै पुष्टि हुँदा प्रतिवादीले खिचोला गरेको ठहऱ्याएको शुरू काठमाडौं जिल्ला अदालतको मिति २०५४।११।११ को फैसला उल्टी गरेको पुनरावेदन अदालत पाटनको मिति २०५८।५।२७ को फैसला मिलेको नदेखिएकोले सो पुनरावेदन अदालतको फैसला उल्टी भई वादी दावीबमोजिम प्रतिवादीले खिचोला गरेको ठहर्ने ।

इजलास अधिकृत : कृपासुर कार्की
कम्प्युटर : नम्रता बास्तोला
इति संवत् २०६६ साल असोज २८ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री प्रकाश वस्ती,** २०५८ सालको दे.पु.नं. ८५०१, लिखत दर्ता बदर, *हंसमान सिंह वि. कृष्णमायाँ सिंह समेत*

हदम्याद र हकदैयाको प्रश्नले बाधा व्यवधान पनि नगरेको र आफ्नो पति पिताको अंश भागको जग्गा भएकोमा विवाद नभएको अवस्थामा २०१६।४।४ को बण्डापत्रले आफ्ना पति/पिता गोपालमानको नाउँमा रही निजले नै आफ्नो नाममा नापी दर्ता गराई निजको मृत्युपछि सो घर जग्गा निज ज्योतिमानका छोरा गम्भीरमानले २०३७ सालमा आफ्नो नाउँमा नामसारी गराई २०३८।२।२५ मा प्रतिवादी हंसमानलाई छोडपत्रको लिखत गरिदिएको र सोही लिखतको आधारमा प्रतिवादी हंसमानले आफ्नो नाममा दर्ता गराएको देखिएको अवस्थामा सो घर जग्गाको लिखत र दर्ता बदर हुने नै देखिँदा शुरू काठमाडौं जिल्ला अदालतको वादी दावी पुग्न नसक्ने मिति २०४९।१।९ को फैसला उल्टी गरी वादी दावीबमोजिमका घरजग्गाको नामसारी तथा लिखत बदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०५८।५।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : कृपासुर कार्की
कम्प्युटर : नम्रता वास्तोला
इति संवत् २०६६ साल असोज २८ गते रोज ४ शुभम् ।

यसमा यसै प्रकृतिका निम्न मुद्दामा यसैअनुरूप फैसला भएको छ:

- २०५८ सालको दे.पु.नं. ८४९८ दर्ता बदर, *हंशमान सिंह वि. कृष्णमायाँ सिंहं* समेत भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।
- २०५८ सालको दे.पु.नं. ८५००, निर्णय बदर, *हंसमान सिंह वि. कृष्णमाँया सिँह समेत*

३

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको दे.पु.नं. ००२३, ००२४, कित्ताकाट, *गेहेन्द्रमान सिंह वि. हंसमान सिंह, प्रकाशमान सिंह वि.कृष्णमान सिंह समेत*

प्रत्यर्थी वादीले घर जग्गाको तर्फमा समेत दावी लिएको र सो दावीको सम्बन्धमा पुनरावेदक प्रतिवादीहरूले विवाद गरी जिकीर लिएको देखिएबाट तर्फ कायम गर्दा दुबै पक्षको सन्धिसर्पन र घर जग्गाको भौतिक अवस्था समेतका आधारलाई विचार गरी समानुपातिक रूपमा तर्फ कायम गरिदिनु भनी मालपोत कार्यालयबाट लेखिपठाई दिने ठहर्छ । सो बाहेक अन्य वादी दावीका जग्गाहरूको हकमा कि.नं. १८२ कि. भई त्यसबाट मोही हकबापत ३८७ मोहीले प्राप्त गरिसकेबाट बाँकी रहेको कि.नं. ३८८ को जग्गामा र कि.नं. ४०२ को घर जग्गा वादीले तीन भागको एक भाग कि.का. गरिलिन पाउने हुँदा उक्त जग्गामा वादी दावी पुग्न नसक्ने गरी भएको मिति २०६०।२।१६ को शुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको मिति २०६३।१०।८ को पुनरावेदन अदालत पाटनको फैसला मिलेको देखिन नआएकोले सो हदसम्म उक्त फैसला उल्टी हुने ।

इजलास अधिकृत : कृपासुर कार्की
कम्प्युटर : नम्रता बास्तोला
इति संवत् २०६६ साल असोज २८ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री प्रकाश वस्ती,** २०५८ सालको दे.पु.नं. ८४९९, निर्णय दर्ता बदर, *हंसमान सिंह वि. कृष्णमान सिंह*

२०२१ सालको बण्डापत्रको लिखतबाट तुलसीमानका नाउँमा राखिएको सम्पत्तिका सम्बन्धमा विवाद नदेखिएपछि र सो सम्पत्ति पैतृक नै देखिएको अवस्थामा २०२३ सालको सर्भे नापीमा ज्योतिमानको नाउँमा दर्ता भई २०३७ सालमा निज ज्योतिमानको शेषपछि निजका छोरा गम्भीरमानका नाउँमा नामसारी भई गम्भीरमानले २०३८ सालमा यी पुनरावेदक प्रतिवादी हसमानलाई छोडपत्र गरिदिएको अवस्था भए पनि त्यस्तो पैतृक सम्पत्ति मुलुकी ऐन, अंशबण्डाको महलको ३३ नं. ले आपसमा अंशियारहरूले बाँडी खान पाउने नै देखिन्छ । यसबाट अंशियारबीचको आफ्नो नाममा गराएको दर्ता, गम्भीरमानले बाबुको शेषपछि आफ्ना नाममा गराएको नामसारी र गम्भीरमानले हंसमानलाई गरिदिएको छोडपत्रबाट कुनै अंशियारको हक सिर्जना हुने र कुनै अंशियारको हक लोप हुने स्थिति नभई सो बदर गराउन पर्ने स्थिति देखिँदैन । सो निर्णय / लिखत बदर नगराएसम्म पुनरावेदक वादीको त्यसमा हकदैया नपुग्ने भन्न कानून र न्यायसंगत नहुने ।

इजलास अधिकृत : कृपासुर कार्की
कम्प्युटर : नम्रता बास्तोला
इति संवत् २०६६ साल असोज २८ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री प्रकाश वस्ती,** २०६२ सालको दे.पु.नं. ००२१, ००२२, हक कायम दर्ता नामसारी समेत, *गेहेन्द्रमान सिंह वि. कृष्णमान सिंह, प्रकाशमान सिंह वि. कृष्णमान सिंह*

जग्गा मोहीसँग छुट्याउन कुनै एक परिवार सदस्यले सक्रियता अपनायो र मिलापत्र गर्‍यो भन्दैमा कित्ताकाट भई आपसमा छुट्टिन नै बाँकी रहेको जग्गा अन्य हकदारले सहमति प्रकट नगरेको अवस्थामा कसैको मात्र एकलौटी हुन सक्ने अवस्था नरहने ।

वादी दावीको कि.नं. १८२ कि.का. भई हाल कायम भएको कि.नं. ३८७ र कि.नं ३८८ र कि.नं. ४०२ को दक्षिणतर्फ रहेको आमा गणेशकुमारीका नाउँको बण्डापत्रबाट प्राप्त ज.रो. ०-१४-० जग्गाका सम्बन्धमा हेर्दा कि.नं. १८२ को जग्गाका सम्बन्धमा भूमिसुधार कार्यालयमा चलेको मुद्दामा मोही कायम हुने गरी भएको मिलापत्रबाट कि.नं. ३८७ को जग्गामा जोताहाको हक कायम भई बाँकी हुन आएको कि.नं. ३८८ को जग्गा एवं कि.नं.४०२ को दक्षिणतर्फको आमा गणेशकुमारीका नाउँमा रहेको घर जग्गा समेतका उपर्युक्त विवेचनाका आधारमा वादीको यस फिरादमा मूलभूत दावीका रूपमा रहेको २०१३ सालको फार्छेमा उल्लिखित सम्पत्ति तीनै जना छोराहरूले नै पाउने देखिँदा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला उल्टी भई उल्लिखित

वादी दावीका घर जग्गामा तीन अंशियार दाजुभाईकै बराबर हक लाग्ने ।
इजलास अधिकृत : कृपासुर कार्की
कम्प्युटर : नम्रता बास्तोला
इति संवत् २०६६ साल असोज २८ गते रोज ४ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६४ सालको फौ.पु.नं. ००१०, लागू औषध चरेश, *नेपाल सरकार वि. जयकुमार लिम्बू समेत*

प्रतिवादी जापानीज नागरिकहरूबाट १० के.जी. ७४० ग्राम लागू औषध चरेश बरामद भएको भनी संयुक्त रूपमा सजायको माग गरी अभियोग दायर भएकोमा अलग-अलग व्यक्तिबाट बरामद भएको भन्ने अर्थ गरी दावीबमोजिम सजाय नगरी लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१), (घ)(४) बमोजिम सजाय गरेको शुरू फैसला सदर गर्ने गरेको पुनरावेदन अदालतको फैसला मिलेको नदेखिँदा सो हदसम्म उक्त फैसला उल्टी भै प्रतिवादीहरूलाई सोही ऐनको दफा १४(१)(घ) ५ बमोजिम जनही ५ वर्ष कैद र रू.५० हजार जरीवाना हुने ।

प्रतिवादी जयकुमार लिम्बूलाई अरू प्रतिवादीहरूसँग सनाखत गराउँदा एकआपसमा चिनजान नै नभएको भनेको अन्य प्रतिवादीहरूलाई बस्ने होटलको व्यवस्था मिलाएको नदेखिएको यी प्रतिवादीबाट लागू औषध चरेश बरामद भएको नदेखिएको तथा निज मौकामा र अदालतमा समेत बयान गर्दा कसूर गरेमा पूर्णतः इन्कार गरेको देखिएको तथा वादी पक्षबाट निजले अन्य प्रतिवादीहरूलाई अपराध गर्न सहयोग गरेको भन्ने कुनै तथ्ययुक्त सबूद प्रमाण पेश दाखेल गर्न सकेको नदेखिएको अवस्थामा निज प्रतिवादी जयकुमार लिम्बूले अभियोग दावीबाट सफाइ पाउने ।
इजलास अधिकृत : नारायणप्रसाद दाहाल
इति संवत् २०६६ साल माघ २५ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रेम शर्मा,** २०६४ सालको दे.पु.नं. ०६४-CI-५२०, ०३२७, खिचोला छोडाई निकासा बाटो खुलाई चलन, *रामजी साह कलवार वि. सत्यनारायण साह कलवार, सत्यनारायण साह कलवार वि.रामजी साह कलवार*

नक्साबाट न.नं. ६ मा वादीको स्रेस्ताबमोजिमको क्षेत्रफलभन्दा कम नै जग्गा रहेको अवस्था हुँदा र न.नं. ५ मा प्रतिवादीको पक्की घरको केही भाग रहेको भन्ने नक्साबाट देखिँदा वादी दावीको न.नं. ५ मा प्रतिवादीले खिचोला गरेको ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६४।१।१०।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।
इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल
कम्प्युटर : सुदीप पंज्ञानी
इति संवत् २०६७ साल बैशाख २ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४-CI-०६३६, लेनदेन, *सावित्री सिंह वि. सुमित्रादेवी यादव*

लिखत लिफामा लेखिएको हो होइन भनी राष्ट्रिय बिधि विज्ञान प्रयोगशालामा जाँच गर्न पठाएकोमा लेखिसकेपछि सहीछाप परेको भनी विशेषज्ञले राय दिएको देखिँदा उक्त लिखत लिफा लेखिएको देखिएन । यसबाट लिखत लिफामा लेखेको नभई रकम लिनुदिनु गरी लिखत लेखिसकेपछि सहीछाप गरेको देखियो । सो लिखतबमोजिमको रकम प्रतिवादीले वादीलाई बुझाएको भन्ने कुनै जिकीर नभएको र तिरे बुझाएको प्रमाण समेत पेश हुन आएको नदेखिँदा सो लिखतबमोजिमको रकम प्रतिवादीले वादीलाई तिर्नु बुझाउनु पर्ने नै देखियो । तर लिखतमा ब्याजको कुरा उल्लेख गरेको नदेखिँदा लिखतबमोजिमको साँवा रकमसम्म वादीले प्रतिवादीबाट भराई लिन पाउने ।
इजलास अधिकृत : नारायणप्रसाद दाहाल
कम्प्युटर : सुदीप पंज्ञानी
इति संवत् २०६७ साल बैशाख १६ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४-CR-०३४३, सवारी ज्यान, *रामलाल श्रेष्ठ वि. नेपाल सरकार*

सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम ५५ मा ३ लाख बराबरको बीमा गराउने पर्ने व्यवस्था देखिन्छ । यसबाट सवारी साधनको यात्री समेतले अंगभंग भएमा तेस्रो पक्षले प्राप्त गर्ने बराबरको रकम बीमा बापत पाउने र त्यस्तो रकम सवारी धनी वा व्यवस्थापकले तिर्नुपर्ने भन्ने देखिन्छ । यी प्रतिवादी रामलाल श्रेष्ठ दुर्घटना भएको जीपका मालिक भएको देखिएकोले निजले रू.१५,०००।- मात्र मलाई दिएको मेरो रु.१,५०,०००।- उपचारमा खर्च भएको भनी घाइते रेशमलाल चुवाईले बकसपत्रमा उल्लेख गरेकोबाट समेत यी सवारीधनीले अंगभंग भएका घाइतेलाई निजले कानूनबमोजिम तिर्नु दिनुपर्ने रकम समेत दिएको देखिएन । यस्तो अवस्थामा अंगभंग भै घाइते भएका रेशमलाल चुवाईलाई पुनरावेदक प्रतिवादी रामलाल श्रेष्ठले रु.एक लाख दिनुपर्ने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल
कम्प्युटर : सुदीप पंज्ञानी
इति संवत् २०६७ साल बैशाख १६ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको रिट नं. ३५०९, उत्प्रेषणयुक्त परमादेश, *बद्रीबिक्रम खड्का वि. आन्तरिक राजश्व विभाग समेत*

उत्पादित वस्तु बिक्रीको लागि नमूना परीक्षण नभई वा नमूनाको लागि मूल्य नलिई वितरण गर्नको लागि गुणस्तर परीक्षणको लागि कारखाना बाहिर निकालिएको वा निकासी गरिएको अवस्था पनि हुन सक्तछ । यस्तो अवस्थामा उक्त उत्पादन वा वस्तुमा अन्तःशुल्क लगाउने अवस्था नहुने ।

कुनै प्रतिष्ठानबाट उत्पादित वस्तुमा अन्तःशुल्क तिर्ने दायित्व निरपेक्ष होइन र यसका विभिन्न शर्त र अवस्था कानूनले तोक्न सक्ने ।

बिक्री गर्न भनी प्रतिष्ठानबाट बाहिर पठाएको वा निकासी गर्न अयोग्य भई विक्री हुन नसकेको कुरा शंकारहित तवरबाट प्रमाणित भएको अवस्थामा पनि यस्तो वस्तुमा अन्तःशुल्क तिर्ने दायित्व सिर्जना नहुने भन्ने कुरामा विवाद हुन नसक्ने ।

भारतमा विक्री गर्न भनी कारखानाबाट निकासी भएको वियर विपक्षीहरूको स्वीकृतिबाट नष्ट गरे भएको अवस्थामा उक्त वियर नेपाल वाहिर निकासी भएको वा स्थानीय बजारमा विक्री हुने अवस्थाको नहुँदा उक्त वियर निर्यात भएको स्थानीय वजारमा बिक्री भएको भन्ने विपक्षीहरूको भनाई समेत नभएको हुँदा त्यस्तो वियरमा अन्तःशुल्क लगाउन र असूल गर्न नपाइने हुँदा उक्त वियरको अन्तःशुल्कबापत दिइएको वैंक ग्यारेन्टीको रकमबाट अन्तःशुल्कको रकम असूलउपर गर्ने निर्णय र सोबमोजिम पत्राचार गरिएको कानूनसम्मत नदेखिने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल
कम्प्युटर : सुदीप पंज्ञानी
इति संवत् २०६७ साल बैशाख १४ गते रोज ३ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रेम शर्मा,** २०६३ सालको रिट नं. ०३०५, उत्प्रेषणयुक्त परमादेश समेत, *लीलानाथ अधिकारी समेत वि. जिल्ला प्रशासन कार्यालय, बाँके समेत*

जुन जग्गाको हकवाला नभएको भनी जिल्ला प्रशासन कार्यालयबाट सरकार लाग्ने तथा जाहेरवालालाई पुरष्कारस्वरूप दिने भनी निर्णय गरेको छ । सो जग्गामा विभिन्न व्यक्तिहरूको भोग र बसोबास भई रहेको भन्ने नगरपालिका तथा नापी शाखाको प्रतिवेदनमा उल्लेख भएको देखिँदादेखिँदै ती व्यक्तिलाई सुनुवाइको मौका नदिई निजको भोग र बसोबास भएको जग्गाका सम्बन्धमा प्रतिकूल असर पर्ने गरी गरेको कारवाही र निर्णय नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४(८) र (९) मा व्यवस्था र प्राकृतिक न्यायको सिद्धान्त एवं स्वच्छ

सुनुवाइको मूल्य र मान्यताको प्रतिकूल भई यी निवेदकको सम्पत्तिसम्बन्धी हकमा असर परेको देखिँदा प्रतिवादको मौका नदिई निवेदकहरूको हकमा असर पर्ने गरी भएको जिल्ला प्रशासन कार्यालय बाँकेको मिति २०६१।१।१० को निर्णय कायम रहन नसक्ने भई उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

इति संवत् २०६६ साल चैत २९ गते रोज १ शुभम् ।

- यसमा यस्तै प्रकृतिको २०६२ सालको रिट नं. ३६७१, उत्प्रेषणयुक्त परमादेश समेत, *रामफल लोध समेत वि. जिल्ला प्रशासन कार्यालय बाँके, समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रेम शर्मा,** २०६३ सालको रिट नं. ३८३८, परमादेश समेत, *कृष्णबहादुर दाहाल वि. भूमिसुधार तथा व्यवस्थापन विभाग समेत*

अदालतबाट भएका फैसलाविपरीत क्षेत्रफल सशोधन गरी मालपोत ऐन, २०३४ को दफा ७(३) बमोजिम मालपोत कार्यालयले गरेको निर्णयलाई बदर गर्न र पुनः निर्णय गर्नसक्ने अधिकार मालपोत ऐन, २०३४ को दफा ३२ ख ले विभागका महानिर्देशकलाई प्रदान गरी रहेको अवस्थामा अदालतको फैसलाबमोजिम नभएको कार्यलाई अदालतको फैसलाबमोजिम गर्नु भनी भएको मिति २०६२।२।८ गतेको महानिर्देशकको निर्णयमा कुनै संवैधानिक एव. कानूनी त्रुटि विद्यमान रहेको देखिन नआई प्रचलित कानूनको परिधिभित्र रहेर नै निर्णय गरेको देखिन आएकोले यस्तो निर्णयबाट निवेदकको कुनै संवैधानिक एवं कानूनी अधिकार समेत हनन् भएको नदेखिने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल बैशाख १३ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रेम शर्मा,** २०६१ सालको रिट नं. २९०८, उत्प्रेषण, *आशाराज्यलक्ष्मी वि. पुनरावेदन अदालत हेटौंडा समेत*

अदालतबाट तोकिएको पेशी तारिखमा उपस्थित नभई झण्डै दुई वर्षसम्म मुद्दाको तथ्यका बारेमा जानकारी नराखी चूप लागी बसेको र फैसलाको नक्कल लिई मात्र थाहा पाएको भन्ने कथनको कुनै मनासिव आधार नदेखिँदा चूप लागी बसेकै भएपनि आफ्नो हकप्रति सचेत नरहने विलम्ब गरी उपचार माग्न आउने व्यक्तिलाई अदालतले सहयोग गर्न नसक्ने हुन्छ । साथै रीतपूर्वक पुनरावेदनको म्याद तामेली भएबाट निवेदकको कुनै संवैधानिक वा कानूनी हक हनन् भएको नदेखिने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६६ साल चैत ३० गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रेम शर्मा,** २०६१ सालको रिट नं.३६९२, उत्प्रेषण मिश्रित परमादेश समेत, *कृष्णकुमारी श्रेष्ठ समेत वि. राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय बिशालबजार, काठमाडौं समेत*

विभिन्न व्यक्तिहरूका बीचमा विभिन्न विवादका विषयमा विभिन्न व्यक्तिउपर मुद्दा चलेको सन्दर्भमा उक्त मुद्दाको विवादका विषयमा तथ्यभित्र प्रवेश गरी कि.नं. ८७ को जग्गामा भएको स्वामित्व र हकाधिकार सिर्जनाको विषयमा असाधारण क्षेत्राधिकारबाट न्याय निरुपण गर्ने विषय हुन नसक्ने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल बैशाख १३ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री रणबहादुर बम,** ०६६-WO-०७६७, उत्प्रेषण/परमादेश, *श्रीभक्त प्रजापती वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदक निजामती कर्मचारी भएको र निजको सेवालाई नियमित एवं व्यवस्थित गर्ने कानून निजामती सेवा ऐन, २०४९ को दफा १८ र निजामती सेवा नियमावली, २०५० को

नियम ३६ ले अख्तियारवालालाई प्रदान गरेको अधिकार प्रयोग गरी सो ऐनको कार्यविधि एवं सीमाभित्र रही यी निवेदकलाई कार्यरत् रहेको जिल्लाभित्रको एक कार्यालयबाट सोही जिल्ला स्थित विभागमा सरूवा गरिएको देखिएकोले त्यसबाट निजको पेशा र रोजगार गर्न पाउने हक अथवा अन्य कुनै संवैधानिक हक हनन् भएको मान्न नमिल्ने ।

इजलास अधिकृत : पुष्प थपलिया

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल जेठ ४ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६२ सालको दे.पु.नं. ८६२१, अबण्डा जग्गा बण्डा गरिपाऊँ, *इन्द्रकान्त झा समेत वि. बुलन झा समेत*

वादीहरूले आफ्नो पुस्तावली तथा फिराद दावीअनुसार ४ भागको १ भाग अबण्डा जग्गा पाउनु पर्ने भन्ने दावी गरेको र कि.नं. ९२ को पोखरी अबण्डा रहेको भन्ने दावी भएकोमा सो कि.नं. ९२ को पोखरी कित्ताकाट भई कि.नं. २२१ र २२२ काम भएको र यी वादी प्रतिवादी अंशियारहरूको संयुक्त नाममा रहेको कि.न.. २२२ को पोखरीमा कुल ०-१०-१६३/४ जग्गा मात्र रहेको भन्ने जग्गाधनी दर्ता प्रमाण पूर्जाबाट देखिएकोले सो जग्गाबाट ४ भागको १ भाग ज.वि. ०-२-१४ हुने र वादीले सोहीबमोजिम ०-२-१४ अबण्डा पोखरी पाउनेमा पुनरावेदन अदालत राजबिराजले निजहरूलाई ०-२-१५ जग्गा पाउने ठहर गरेको देखिएकोले वादीलाई घटी अंश दिलाएको भन्न नमिल्ने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०६६ साल चैत १८ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६० सालको रिट नं. ३४५२, उत्प्रेषण, इन्दु *निरौला वि. जिल्ला वन कार्यालय मोरङ्ग समेत*

सार्वजनिक वा सरकारी जग्गा व्यक्ति विशेषका नाममा दर्ता गर्न गराउन कानूनले निषेध गरेको अवस्थामा कसैले त्यस्तो सरकारी जग्गा दर्ता गरे गराएमा कारवाही र निर्णय गर्न अख्तियार प्राप्त निकाय वा अधिकारीबाट बदर गर्न सकिने ।

मन्त्रिपरिषद्को निर्णयबमोजिम गठन भएको सुकुम्बासी समस्या समाधान आयोगले कानूनबमोजिम जग्गा वितरण र दर्ता गर्न पाउने सीमित अधिकारमात्र पाएको उक्त मिति २०५३।१।२४ को राजपत्रमा प्रकाशित सूचनाबाट देखिएकोमा सो आयोगले आफूले पाएको अधिकार र प्रचलित कानूनको अधीनमा रही मात्र आफ्नो काम कर्तव्य पूरा गर्नुपर्ने हुन्छ र असीमित अधिकार प्रयोग गर्न र कानून बाहिर गई जग्गा बिक्री वितरण गर्न नपाउने हुन्छ । त्यस्तो गरे कानूनबमोजिम सो कार्य बदरयोग्य हुने ।

कानूनले नै स्पष्ट रूपमा सरकारी वा सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गर्न गराउन निषेध गरेको अवस्थामा आफ्नो अधिकारक्षेत्र नाघी सुकुम्बासी समस्या समाधान आयोग जिल्ला समितिले निर्णय गरी कि.न. १७२ को जग्गा यी निवेदिकालाई वितरण गरी दर्ता भएको देखिएको इन्दु निरौलाको नाममा भएको उक्त कि.न.. १७२ को जग्गाको दर्ता बदर गरी स्रेस्ताको लगत काटी यथास्थितिमा राख्ने गरी वन कार्यालय मोरङ्गको निर्णयबमोजिम मालपोत कार्यालयबाट भएको काम कारवाही कानूनी व्यवस्थाअनुकूल नै रहेको देखिँदा कानूनबमोजिम भए गरेको कार्यबाट कसैको संविधान र कानून प्रदत्त हक हनन् भएको सम्झन नमिल्ने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल चैत १० गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको रिट नं. ३७१५, उत्प्रेषण, *केवलकृष्ण श्रेष्ठ वि. श्रम अदालत समेत*

श्रम ऐन, २०४८ को दफा २१ मा न्यूनतम् पारिश्रमिक भन्ने शीर्षकमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरेको महंगी भत्ता कामदार वा कर्मचारीलाई दिन पर्ने बाध्यात्मक व्यवस्था देखिन्छ ।

महंगी भत्ता कामदार वा कर्मचारीले अनिवार्य उपभोग गर्न पाउने बाध्यात्मक कानूनी हक भएको हुँदा यसलाई पारिश्रमिकसँग जोडेर हेर्नु न्यायोचित नै हुने देखिन्छ। यस्तो अवस्थामा श्रम अदालतबाट तलब भत्ता अर्थात् तलब र महंगी भत्ता समेत दिने गरेको फैसलामा कुनै कानूनी त्रुटि नदेखिने।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६६ साल चैत २३ गते रोज २ शुभम्।

**इजलास नं. ६**

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** २०६२ सालको दे.पु.नं. ८४१७, निषेधाज्ञा, *रामपति शाह वि. माहनचन्द्र शर्मा समेत*

निषेधाज्ञाको निवेदन दर्ता भई अन्तरिम आदेश जारी हुनासाथ विपक्षीले गर्न लागेका सम्पूर्ण कार्यहरू स्थगित गरी सकिएको भनी लिखित जवाफ व्यहोरामा उल्लेख भएको देखिएको तथा अन्य साधारण क्षेत्राधिकारअन्तर्गत जग्गा खिचोला चलन मुद्दाबाट निवेदकले उपचार प्राप्त गर्नसक्ने अवस्था विद्यमान रहेको देखिँदा मागदावीबमोजिम निषेधाज्ञाको आदेश जारी गर्नु नपर्ने।

इजलास अधिकृत : बिमल पौडेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साल बैशाख ३० गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** २०६३ सालको दे.पु.नं. ९०५१, निषेधाज्ञा, *कान्छा तामाङ्ग वि. श्यामबहादुर तामाङ्ग समेत*

निवेदकले विवादित जग्गामा आफ्नो हक भएको वस्तुनिष्ठ प्रमाण गुजार्न नसकेको हुँदा निषेधाज्ञाको आदेश जारी गर्न मिलेन भनी रिट निवेदन खारेज गर्ने गरी गरेको पुनरावेदन अदालत पाटनको इन्साफ हाल निवेदकले उक्त विवादित जग्गामा आफ्नो स्वामित्व भएको प्रमाणस्वरूप सो जग्गाको जग्गाधनी प्रमाणपूर्जा प्राप्त गरिसकेको र सो जग्गाधनी प्रमाण पूर्जालाई विपक्षीले समेत अन्यथा भन्न नसकेको र सो अवस्था पछि पनि निवेदकको हकको जग्गामा भोगमा अवरोध गर्ने आशंकाको स्थिति व्यतीत भै नसकेको हुँदा पुनरावेदन अदालतको इन्साफ मिलेको नदेखिने। हक भोगको स्वामित्वको उक्त जग्गामा गैरकानूनी हस्तक्षेप बाधा, अवरोध नगर्नु भनी निषेधाज्ञा जारी हुने।

इजलास अधिकृत : बिमल पौडेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साल बैशाख ३० गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** २०६५ सालको दे.पु.नं. ००३०, निषेधाज्ञा, *उदय श्रेष्ठ वि. धनबहादुर सेरचन समेत*

विपक्षीहरूले संयुक्त आवास निर्माण कार्यमा अवरोध पुऱ्याउन खोजेको भन्दा पनि सो संयुक्त आवास निर्माणस्थलमा छिमेकी एवं टोलबासीको तर्फबाट संगत बस्ती सुधार समितिले सो क्षेत्रका बासिन्दा र सँधियारलाई असुविधा हुन नदिन तथा गाडीको चापबाट तथा भूकम्पबाट बच्ने पर्याप्त उपायको व्यवस्था गरी तोकिएको मापदण्डअन्तर्गत रहेर मात्र नक्सा पास गरी निर्माण गर्नुपर्छ भनी निवेदनसम्म दिएको देखिँदा सो कार्यले निवेदकले जिकीर लिए जस्तो बनाउन लागेको संयुक्त आवास नै रोक्ने सम्भावना देखिन आएन। रीतपूर्वक मापदण्डअनुसार गराई पाऊँ भनी कसैले निवेदन दिँदैमा बन्न लागेको संरचनालाई निषेध गरिएको वा रोक्न खोजिएको हो भनी अनुमान गर्न हस्नमिल्ने।

इजलास अधिकृत : बिमल पौडेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साल बैशाख ३० गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** २०६५ सालको दे.पु.नं. ००३९८, निषेधाज्ञायुक्त परमादेश, *वेदेन्द्र शम्सेर राणा वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका समेत*

निवेदकले बैनापट्टाको लिखत कीर्ते जालसाजी भनी ललितपुर जिल्ला अदालतमा कीर्ते मुद्दा दर्ता गराइसकेको देखिइरहेको तथा विपक्षीले

समेत सोही लिखतको आधारमा रकम दिलाइपाऊँ भनी शुरू जिल्ला अदालतमा लेनदेन मुद्दा दायर गरिसकेको भन्ने रिट निवेदन एवं लिखित जवाफ व्यहोराबाट समेत देखिइरहेको हुँदा साधारण क्षेत्राधिकार उपयोग गरी समाधान खोजिरहेको विषयमा निषेधाज्ञाको निवेदन खारेज हुने ।

इजलास अधिकृत : बिमल पौडेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साल बैशाख ३० गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** २०६६ सालको CI-०२८१, परमादेश, *चन्द्रकान्त खरेल वि. धनिश्वर कँडेल समेत*

निवेदकले उठाएको विषयवस्तु नितान्त देवानी प्रकृतिको करकाप तथा लेनदेनसम्बन्धी रहेको देखिएको र सोको निरूपणको लागि वैकल्पिक उपचारको व्यवस्था रही रहेको अवस्थामा असाधारण क्षेत्राधिकारअन्तर्गतको रिट क्षेत्रबाट प्रस्तुत मुद्दाको न्याय निरूपण हुन सक्ने नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : बिमल पौडेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साल बैशाख ३० गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** २०६६ सालको CI-०४३, निषेधाज्ञा, *बसन्तबहादुर खड्का समेत वि. भागवतनन्द गिरी*

ऐन कानूनको रीत नपुऱ्याई सार्न लागिएको विद्यालयलाई प्रक्रिया नपुगेको भनी क्षेत्रीय शिक्षा निर्देशनालय समेतले नसार्नु भनी निर्देशन दिइरहेको अवस्थामा उक्त बाल संस्कृत मा.वि.लाई साविक स्थानबाट नसार्नु भनी पुनरावेदक विपक्षीहरूका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ।

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साल बैशाख ३० गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** २०६५ सालको CI-०२२९, निषेधाज्ञा, *अनन्त लाल राजबंशी वि पूर्वाञ्चल सडक डिभिजन कार्यालय, बिराटनगर मोरङ्ग*

मुआब्जा एवं क्षतिपूर्ति दिलाई पाऊँ भनी साधारण अधिकारक्षेत्रअन्तर्गत जानुपर्ने देखिन्छ । निषेधाज्ञाको आदेशले विषयवस्तुको तथ्यमा प्रवेश गरी मुआब्जा दिनुपर्ने नपर्ने के हो ? साथै के कति मुआब्जा दिनुपर्ने हो भन्ने कुरामा निर्णय दिन मिल्ने देखिँदैन । निवेदकको हक अधिकारमा तत्काल आघात पार्ने सम्भावना रहेमा त्यस्तो नगर्नु भनी विपक्षीहरूका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने हुँदा निषेधाज्ञाको निवेदनमार्फत् मुआब्जा एवं क्षतिपूर्ति दिलाई पाऊँ भन्ने पुनरावेदकको निवेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृत : बिमल पौडेल

कम्प्युटर : भवानी ढुंगाना

इति संवत् २०६७ साल बैशाख ३० गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** २०६६ सालको CI-००९३, निषेधाज्ञा, *सत्यनारायण साह सोनार वि. विश्वनाथ पण्डित कुमाल*

कुनै घरधनी एवं जग्गाधनीको अनुमति बिना निजको जग्गामा अनधिकृत रूपमा प्रवेश गर्ने कार्य आफैंमा कानूनी भन्न मिल्ने देखिँदैन । यी पुनरावेदकले अन्य विपक्षीहरू साथ लागी निवेदकको घर जग्गामा प्रवेश गरेको स्वीकार गरिरहेको हुँदा र निज पुनरावेदकले अर्काको घर जग्गामा प्रवेश गर्न पाउने अनुमति प्राप्त गरेको प्रमाण पेश गर्न सकेको नदेखिँदा पुनरावेदकको कार्यले निवेदकको हक अधिकारमा आघात पारेको छैन भन्न नमिल्ने ।

इजलास अधिकृत : बिमल पौडेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६७ साल बैशाख ३० गते रोज ५ शुभम् ।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** २०६६ सालको CI-०२६६, निषेधाज्ञा, *छेम्बी शेर्पा वि. सातनागे सामुदायिक वन उपभोक्ता समिति, गार्मा गा.वि.स. ३, सोलुखुम्बू समेत*

निषेधाज्ञाको लागि अदालत प्रवेश गर्नको लागि निवेदकको निर्विवाद हक अधिकार भएको जग्गामा अनधिकृत रूपमा हस्तक्षेप हुन लाग्यो सो रोकी पाऊँ भन्ने हुनुपर्दछ । प्रस्तुत मुद्दाको विषयवस्तु हेर्दा विवादित घर भएको जग्गा आफ्नो हक भोग स्वामित्वको भनेर

दावी लिए पनि सो पुष्टि गर्ने पर्याप्त प्रमाण गुजार्न नसकेको अवस्थामा प्रस्तुत विवाद निषेधाज्ञाको निवेदनबाट उपचार प्रदान गर्न नमिल्ने ।

इजलास अधिकृत : बिमल पौडेल

इति संवत् २०६७ साल बैशाख ३० गते रोज ५ शुभम् ।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** २०६३ सालको रिट नं. ०३२२, उत्प्रेषण, परमादेश समेत, *खेदु मुखिया विन वि. भोलाप्रसाद जैसवाल समेत*

निवेदकले विवाद उठाएको कि.नं.४५० को जग्गाको क्षेत्रफल ३ धुर वा ५ धुरमध्ये कति हो साथै उक्त जग्गामा कसको हक लाग्ने हो भन्ने प्रश्नमा नियमित प्रक्रियाबाट साधारण क्षेत्राधिकारमार्फत् जिल्ला तथा पुनरावेदन अदालतबाटै फैसला एवं आदेश भै टुङ्गो लागिसकेको विषय देखिन्छ । फैसलाको अर्थ तब साकार हुन्छ, जब सो फैसला पूर्णतः कार्यान्वयन हुन्छ । तसर्थ अन्तिम भै बसेको फैसलाको कार्यान्वयनको कार्यलाई प्रत्यक्ष असर पार्ने गरी तथ्यभित्र प्रवेश गरी रिट क्षेत्राधिकारबाट हस्तक्षेप गर्न नमिल्ने ।

इजलास अधिकृत : बिमल पौडेल

कम्प्युटर : भवानी ढुंगाना

इति संवत् २०६७ साल बैशाख २ गते रोज ५ शुभम् ।

११

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४-CR-०३८५, नकबजनी चोरी, *नेपाल सरकार वि. राजु ठाकुर समेत*

वारदातस्थलमा एउटा रिञ्चसम्म दशीको रूपमा भेटिएको भए तापनि उक्त रिञ्च यी प्रतिवादीकै हो भनी प्रमाणित भएको पाइँदैन । यस्तो अवस्थामा सो रिञ्च प्रतिवादीहरूका विरूद्धमा प्रमाणमा ग्रहण गर्न मिल्ने समेत देखिँदैन । त्यसका साथै प्रतिवादीहरूले अदालतमा बयान गर्दा आरोपित कसूरमा इन्कार रही गरेको बयानलाई प्रतिवादीका साक्षीहरूको बकपत्रबाट पुष्ट्याई भएको पाइन्छ । मौकामा बुझिएका व्यक्तिहरूले प्रतिवादीहरूउपर शंकासम्म व्यक्त गरेको कुरालाई भरपर्दो प्रमाण मान्न नसकिने ।

इजलास अधिकृत : रमेशप्रसाद ज्ञवाली

इति संवत् २०६६ साल माघ २४ गते रोज १ शुभम् ।

१२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४-CR-००५१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. महेन्द्रकुमार दनुवार अधिकारी*

प्रतिवादीले जोखिमी हतियारले मृतकलाई प्रहार गरेको नभै तत्काल उठेको रिस थाम्न नसकी छेउमा रहेको साधारण चिरपटले टाउकोमा हिर्काएको कारणले मृतकको मृत्यु भएको भन्ने देखिँदा यस्तो वारदातमा प्रतिवादीले मृतकलाई मार्नमा पूर्व योजना एवं मनसायअनुरूप चिरपटले हिर्काएको भन्ने अर्थ गरी ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको अभियोग माग दावीबमोजिम सजाय गर्न नमिल्ने ।

इजलास अधिकृत : रमेशप्रसाद ज्ञवाली

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६६ साल माघ २४ गते रोज १ शुभम् ।

१३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको फौ.पु.नं. ३०५, साधक नं. (RC) ००७३, खुनडाँका, *नेपाल सरकार वि.रामएकवाल राय समेत, नेपाल सरकार वि.जोगेन्द्र बैठा समेत*

प्रस्तुत वारदातमा प्रतिवादीहरूको संलग्नता रहेको भनी जाहेरवालाले गरेको बकपत्र, गणेश मोक्तानको खुट्टामा गोली लागेको समेतको अवस्था र गोलीका खोका बरामद भएको, प्रत्यक्षदर्शी रूपसिंह तामाङ्ग पद्मबहादुर र साइली तामाङ्गनी समेतले गरेको बकपत्र, मृतकको मृत्यु गोली प्रहारबाट भएको भन्ने समेतका मिसिल संलग्न सबूद प्रमाणहरूबाट मृतकको मृत्यु यी प्रतिवादीहरू समेतको कर्तव्यबाट भएको देखिँदा प्रतिवादी जोगेन्द्र बैठालाई ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैद र मजलुम अन्सारीलाई सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरी भएको शुरू सर्लाही जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत जनकपुरको फैसलामा कुनै त्रुटि नदेखिँदा निजहरूको हकमा पुनरावेदन अदालत जनकपुरको फैसला साधकको रोहमा सदर हुने ।

इजलास अधिकृत : रमेशप्रसाद ज्ञवाली

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६६ साल माघ २४ गते रोज १ शुभम् ।

१४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४-CI-०४६५, करारको यथावत परिपालना गराई पाऊँ, *हरिप्रसाद जोशी वि. हिक्मतबहादुर मल्ल*

दुई पक्षबीच जग्गा भाडामा लिने गरी करार भएकोमा पुनरावेदकको तर्फबाट एकतर्फी रूपमा भाडा घटाउने निर्णय भएको देखियो । यी पक्षका बीच मिति २०६१।४।३ मा भएको करारमा एकपक्षीय रूपमा भाडा घटाउन वा बढाउन पाउने अधिकार कुनै एक पक्षलाई मात्र निहीत भएको नदेखिँदा नदेखिँदै पुनरावेदकले आर्थिक स्थिति कमजोर भएको भन्ने कारण देखाई करारको लिखतमा उल्लिखित रू.३०,०००।- भाडा दर घटाई २०,०००।-मात्र भाडा दिन सकिने भनी पुनरावेदकबाट मिति २०६३।२।२९ मा भएको निर्णयले करारको इमानदारीपूर्वक परिपालना भएको देखिन नआउने ।

इजलास अधिकृत : रमेशप्रसाद ज्ञवाली
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल माघ २४ गते रोज १ शुभम् ।

१५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६५ सालको CI-०५७५, अंश हक कायम निर्णय बदर, *विष्णुमाया बस्नेत वि. कटकबहादुर बस्नेत*

मिलापत्रबमोजिम वादीले अंश हकबापत दुई कित्ता जग्गा प्राप्त गरी सकेको तथा मिति २०५९।३।१९ को सनाखत कागज कीर्ते व्यहोराबाट खडा गरेको भन्ने पुष्टि हुन नसकेको अवस्थामा यी पुनरावेदक वादीले अंशबापत जग्गा प्राप्त गरी सकेको देखिँदा फिराद दावी पुग्न नसक्ने ।

इजलास अधिकृत : बिमल पौडेल
कम्प्युटर : भवानी ढुंगाना
इति संवत् २०६७ साल बैशाख २९ गते रोज ४ शुभम् ।

१६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६५ सालको CR-०५१९, कीर्ते जालसाजी, *विष्णुमाया बस्नेत वि. कटकबहादुर बस्नेत*

मालपोत कार्यालय उदयपुरमा भएको सनाखत कागजमा परेको ल्याप्चे सहीछाप र पुनरावेदक वादीको नमूनाको रूपमा लिएको ल्याप्चे आपसमा मिल्छ भनी दिएको विशेषज्ञको रायलाई अन्यथा भन्न मिल्ने देखिएन । आफ्नै ल्याप्चे लागेको कागजलाई कीर्ते घोषित गरी प्रतिवादीलाई सजाय समेत गरिपाऊँ भनी माग दावी लिएको दावी पुग्न नसक्ने ।

इजलास अधिकृत : बिमल पौडेल
कम्प्युटर : भवानी ढुगाना
इति संवत् २०६७ साल बैशाख २९ गते रोज ४ शुभम् ।

१७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६५ सालको CI-०५७६, मिलापत्रबमोजिम गरिपाऊँ, *विष्णुमाया बस्नेत वि.कटकबहादुर बस्नेत*

वादीले मिलापत्रको लिखतबमोजिम जग्गा प्राप्त नगरेको भन्ने प्रमाणित गर्न नसकेको र निजको नामको जग्गाधनी प्रमाण पूर्जालाई अन्यथा भन्न नसकेको हुँदा वादीले मिलापत्रको लिखतभन्दा कम जग्गा प्राप्त गरे भन्ने जिकीर स्थापित हुन सक्दैन । वादीले लिएको दावीलाई निजको नाममा दर्ता भएको जग्गाधनी दर्ता प्रमाण पूर्जाले नै खण्डन गरिरहेको छ । उक्त पूर्जामा वादीको नाउँमा दुई कित्तामा क्रमशः ०-१-७ र ०-२-५ बिगाह क्षेत्रफल कायम रहेको अवस्थामा निज वादीले मिलापत्रमा उल्लेख भएको भन्दा कम जग्गा प्राप्त गरे भनी लिएको जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृत : बिमल पौडेल
इति संवत् २०६७ साल बैशाख २९ गते रोज ४ शुभम् ।

१८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६३ सालको CR-०४१०, २०६४ सालको CR-०६०२, गर्भ पतन, *नेपाल सरकार वि. तीर्थकुमार श्रेष्ठ समेत, तीर्थकुमार श्रेष्ठ समेत वि. नेपाल सरकार*

नियतबस कुनै स्वास्नी मानिसको गर्भ तुहाउने मनसायसाथ कुनै काम गर्दा गर्भ तुहिन गयो भने गर्भको अवधिअनुसार ज्यानसम्बन्धी महलको ३१ नं. अनुसारको सजाय गर्नुपर्छ । ऐ.. ऐनको ३२ नं.को व्यवस्था भनेको आफैमा स्वतन्त्र नभई सोही महलको २९ नं. सँग सम्बन्धित रहेर सोहीबमोजिम प्रयोग हुने देखिन्छ । यस अवस्थाअनुसार कुनै पनि प्रकारको रिसइवीको कारणले गर्भवती महिलालाई केही गर्दा

गर्भ तुहिन गयो भने मात्र यो व्यवस्था आकर्षित हुने देखिन्छ । ३१ नं. र ३२ नं. को प्रयोगको भिन्नता भनेको कुनै रिसइवीसाथ केही गरेको हो वा मनसायपूर्वक नै गर्भपतन गराउने कार्य गरेको हो भनी छुट्टयाई हेर्नुपर्ने ।
इजलास अधिकृत : बिमल पौडेल
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६७ साल असार २४ गते रोज ५ शुभम् ।

१९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६३ सालको WO-१०९९, उत्प्रेषण, *बलबहादुर खड्का वि.स्थानीय विकास मन्त्रालय समेत*

बिनाआधार कारण, निवेदकलाई सुनुवाईको मौका नदिई सर्वदलीय बैठकको निर्णयको आधार लिई कुनै कानूनको आधार उल्लेख नगरी आफूखुशी स्थायी दरबन्दीलाई खारेज गरी उक्त दरबन्दीमा कार्यरत् रहेको निवेदकलाई सेवाबाट हटाउने परिणाम निकाल्ने मिति २०६४।१।१० को विपक्षी तित्याङ्ग गा.वि.स. को सर्वदलीय बैठकको निर्णय एवं सो निर्णयलाई सदर गर्ने २०६४।१।१५ को सोही गा.वि.स.को गाउँ परिषद्को निर्णय एवं सोअनुसार भए गरेका सम्पूर्ण काम कारवाहीहरू कानून एवं संवैधानिक व्यवस्थाप्रतिकूल देखिएका हुँदा उत्प्रेषणको आदेशले बदर हुने ।
इजालास अधिकृत : बिमल पौडेल
कम्प्युटर : भवानी ढुगाना
इति संवत् २०६७ साल असार २३ गते रोज ४ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री गौरी ढकाल र मा. न्या.श्री ताहिर अली अन्सारी,** २०६३ सालको दे.पु.नं. ७५०, ७५१ र ८२९, रकम दिलाई पाऊँ, *नमस्ते ट्राभल्स प्रा.लि. वि. ए.सी. गार्मेन्ट, महेन्द्रमान श्रेष्ठ वि. ए.सी. गार्मेन्ट, अशोककुमार अग्रवाल वि. महेन्द्रमान श्रेष्ठ*

कुनै व्यक्तिले आफूखुशी, आफ्नो सुविधाअनुसार मुद्दा गर्नुपर्ने कारण परेको मिति सिर्जना गर्न वा हदम्याद कायम गर्न सक्दैन । त्यस्तो छूट कसैलाई छैन र कानूनले त्यस्तो छूट प्रदान गरेको पनि छैन । दुई पक्षको व्यवहारले मुद्दा गर्नुपर्ने वास्तविक कारण परेको स्थिति देखिनु पर्दछ । कृत्रिम रूपमा मुद्दा गर्नुपर्ने कारणको सिर्जना गरी अनिश्चित कालसम्म हदम्याद बढाउँदै जान ऐनले छूट प्रदान गरेको छैन । ऐनको उद्देश्य विपरीत त्यसरी हदम्यादसम्बन्धी कानूनी प्रावधानको व्याख्या गर्न पनि मिल्ने होइन । आफैं कानूनी कारवाही गर्ने जानकारी गराएकोले प्रस्तुत मुद्दामा यी वादी पक्षले प्रतिवादीलाई पठाएको मिति २०५५।४।२० को पत्रको मितिलाई नै मुद्दा गर्नुपर्ने कारण परेको मिति मान्नुपर्ने हुन्छ । सो मितिबाट करार ऐन, २०२३ को दफा १८(२)(ग) को हदम्याद तीन महिनाभित्र फिराद गर्नुपर्ने ।
इजलास अधिकृत : श्रीप्रकाश उप्रेती
कम्प्युटर : रानु पौडेल
इति संवत् २०६७ साल जेठ ११ गते रोज ३ शुभम् ।

२

**मा.न्या श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको दे.पु.नं. ०७३९, खिचोला मेटाई चलन चलाई पाऊँ, *चीनकानु लोनिया वि. ओमप्रकाश अहिर समेत*

यसै विवादित जग्गाको साविक हकवाला सकई लोनियाउपर परेको २०२८ सालको दे.नं. ५४९ को मुद्दामा २०२९।१०।९ मा भएको नक्सा मुचुल्का प्रतिवादी सकई लोनियाले आफ्नो हक भनी देखाई विवाद परेको जग्गामा उक्त मुद्दाको वादीको हक नपुग्ने ठहरेपछि प्रतिवादी सुकईको हक कायमै रहेको समेत देखिन्छ । सोही जग्गाको प्रकृतिसँग यस मुद्दामा भएको नक्सा मुचुल्काको न.नं. १७, १८ र १९ को जग्गाको प्रकृति मिले भिडेको अवस्था छ । यसको अतिरिक्त वादी सेतु यादव विरूद्ध धन्ना लोनिया भएको जालसाजी मुद्दामा जालसाजी नठहर्ने गरी मिति २०६१।११६ मा भएको फैसला अन्तिम रूपले कायम रहेको छ । यस्तो अवस्थामा सोही जग्गामा आफ्नो हकको भनी जिकीर गरेका यी प्रतिवादीहरूले वादीको हकको जग्गामा खिचोला गरेकै देखिन आउने ।
इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ
संवत् २०६६ साल फागुन ११ गते रोज ३ शुभम् ।

- यसमा यसै लगाउको २०६४ सालको फौ.पु.नं. ०५७६, जालसाजी, *चीनकानु लोनिया*

*वि. गुजराती लोनिया समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रेम शर्मा,** २०६३ सालको फौ.पु. न. ३८५४, भ्रष्टाचार, *विदुरकुमार शर्मा वि. नेपाल सरकार*

शैक्षिक योग्यताको प्रमाणपत्रको विषयमा उठेको प्रश्नको समाधान गर्न आधिकारीक निकाय त्यस्तो प्रमाणपत्र जारी गर्ने निकाय नै हुने हुँदा सम्बन्धित विश्वविद्यायबाट स्पष्ट रूपमा नक्कली 'Fake' भनी लेखी आएको अवस्थामा त्यसलाई अन्यथा भन्नु र मान्नुपर्ने अवस्था नआउने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६६ साल फागुन २१ गते रोज ६ शुभम् ।

- यसमा यसै प्रकृतिको २०६६-CR-००६७, भ्रष्टाचार, *नरेन्द्रजंगबहादुर सिंह वि. नेपाल सरकार* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

४

**मा.न्या श्री ताहिर अली अन्सारी र मा.न्या.श्री रणबहादुर बम,** २०६४ सालको दे.पु.नं. १००५, १२२८, रकम दिलाई पाऊँ, *किरण पौडेल वि. नीना राणा, नीना राणा वि. घनश्याम गिरी*

वादीले करारबमोजिम रकमको लागि उजूर गर्न कानूनले तोकिएको समय सीमासम्म बेवास्ता गरी हदम्याद नाघेको लामो समयपश्चात् अदालतमा प्रवेश गरेको अवस्थामा त्यस्तो हदम्यादविहीन फिरादबाट अदालतले तथ्यभित्र प्रवेश गरी, सबूद प्रमाणको विवेचना र मूल्याङ्कन गरी इन्साफतर्फ विचार गर्ने स्थिति रहेन । लाग्नै नसक्ने फिरादपत्र दर्ता भए पनि हदम्याद नाघेको फिराद खारेज हुन्छ । वादीको फिराद नै खारेज हुने हुँदा तथ्यगत विश्लेषण गरी दोस्रो प्रश्नको निरोपणतर्फ बोलिरहनु परेन । साथै हदम्याद नाघेको फिराद खारेज गर्नुपर्नेमा नगरी तथ्यभित्र प्रवेश गरी ठहर निर्णय गरेको जिल्ला अदालत एवं पुनरावेदन अदालतको फैसला कानूनी त्रुटिपूर्ण हुने ।

इजलास अधिकृत : शिबप्रसाद खनाल

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०६७ साल बैशाख १६ गते रोज ५ शुभम् ।

५

**मा.न्या श्री ताहिर अली अन्सारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला** २०६५ सालको फौ.पु.न. ०४०९, आयकर, *गोपीचन्द्र अग्रवाल वि. आन्तरिक राजश्व कार्यालय, काठमाडौं क्षेत्र नं. ३ समेत*

आयकर ऐन, २०५८, २०५८।१२।१९ देखि लागू भएकोले उपर्युक्त व्यवस्थाअन्तर्गत यो ऐन लागू भएको आ.व. २०५८/०५९ भन्दा अघिको आ.व. अर्थात् आ.व. २०५७/०५८ सम्मको आयको हकमा आयकर ऐन, २०३१ को प्रावधान क्रियाशील रहने भन्ने देखिन्छ भने यो ऐन लागू भएको आ.व.अर्थात् आ.व. २०५८/०५९ को हकमा आय निर्धारण र आयकर असूलउपर गर्ने सम्बन्धमा आयकर ऐन, २०५८ को प्रावधानबमोजिम नै गर्नुपर्ने व्यवस्था उपर्युक्त दफा १४३(४) ले गरेको देखिन आयो । आयवर्ष भन्नाले एउटा पूरै आर्थिक वर्षलाई जनाउने गरेको हुन्छ । एउटै आर्थिक वर्षको अवधिलाई नयाँ ऐन लागू भएपछिको र अघिको अवधिमा विभाजित गरी एउटै आर्थिक वर्षभित्रको कारोवारको हकमा पुरानो र नयाँ दुबै ऐन लागू हुन नसक्ने ।

आयकर ऐन, २०५८ लागू भएपछि आ.व. २०५८/०५९ सालको आय विवरण २०५९।९।२२ मा बुझाएको मिसिल संलग्न कागजातबाट देखिन्छ । यस्तो अवस्थामा आ.व. २०५८/०५९ लाई दुई भागमा विभाजन गरी हेर्न कानूनको रोहमा युक्तिसंगत देखिँदैन । आयकर ऐन, २०५८ लागू भएको मिति २०५८।१२।१९ भन्दा अघिल्लो दिनसम्मको लागि आयकर निर्धारण गर्ने सन्दर्भमा आयकर ऐन, २०३१ को प्रावधान नै लागू हुनु पर्दछ भन्ने नमिली आयकर ऐन लागू हुनुभन्दा अघिका केही महिनासम्म तत्काल लागू रहेको आयकर ऐन, २०३१ बमोजिम खर्च लेखेकोलाई मान्यता प्रदान गर्ने भन्ने आयकर ऐन, २०५८ को दफा १४९(४) को आशय नदेखिने ।

कम्प्युटरः प्रेमबहादुर थापा

इजलास अधिकृत : विद्याराज पौडेल

इति संवत् २०६७ साल असार ७ गते रोज २ शुभम् ।

६

**मा.न्या श्री ताहिर अली अन्सारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला** २०६२ सालको दे.पु.नं. ८२५३, निर्णय बदर, *डोटु गिरी समेत वि. लोकबहादुर खड्का*

राजीनामाबाट प्राप्त गरेको जग्गा नापनक्सा समेत गराई नापी हुँदा किल्ला बढाएको पनि देखिन्छ। प्रतिवादीमध्येका भीमबहादुर खड्काले गाइने भन्ने डण्डबीर सार्कीसँग हदमुनिबाट प्राप्त गरेको भनी पेश गरेको राजीनामातर्फ हेर्दा उक्त जग्गा २०२६ सालको फैसलाबाट गाइने सार्कीको दाता लीलाधरको हक स्वामित्वमा सो जग्गा भएको देखिएन। यस्तो अवस्थामा गाइने सार्कीले भीमबहादुर खड्कालाई गरी दिएको भनिएको राजीनामा विश्वासलायक देखिदैन। भीमबहादुर खड्काकै विवादित जग्गामा हक स्वामित्व नरहेको अवस्थामा भीमबहादुरबाट अंशबण्डाबापत शरणबहादुरको मु.स. गर्ने टीकाराम खड्काको नाउँमा हक कायम हुन नसक्ने।

प्रतिवादीहरू धेरै जना भई अलग अलग कित्ता जग्गा दर्ता गराएको भए पनि ती सबै वादीको एउटै हकको स्रोत र चारकिल्लाको जग्गा देखिन आएको छ। यस्तो अवस्थामा एउटै व्यक्तिको नामको एउटै कित्ताको जग्गा भिन्न भिन्न व्यक्तिले अलग अलग कित्तामा नापी गराई दर्ता गराए पनि त्यसमा एउटै नालिस गर्न मिल्ने।

इजलास अधिकृत : विद्याराज पौडेल
कम्प्युटर : प्रेमबहादुर थापा
इति संवत् २०६७ साल असार ७ गते रोज २ शुभम्।

७

**मा.न्या श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको फौ.पु.नं. ०५०५, कर्तव्य ज्यान, *निखिता राई वि. नेपाल सरकार*

प्रतिवादीको बयान समेतका प्रमाणहरूबाट प्रतिवादीले जीउँदै बच्चा जन्माई बोरामा राखी मार्ने मनसाय लिई फालिदिएको कारण नवजात शिशुको मृत्यु भएको देखिन्छ। यसबाट प्रतिवादीले मनसायप्रेरित रूपमा प्रस्तुत अपराध गरेको हुँदा ज्यान जस्तो जघन्य अपराधमा अति नै कम २ वर्ष मात्र कैद गर्दा कानूनको उद्देश्यप्रतिकूल हुनजाने भै अपराधले प्रोत्साहन पाउने हुन्छ। प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद गर्दा पनि प्रतिवादीको उमेर, घटनाको पृष्ठभूमि समेतलाई मध्यनजर गर्दा चर्को हुने हुन्छ। तसर्थ यी प्रतिवादीको उमेर घटनाको पृष्ठभूमिको दृष्टिकोणबाट सर्वंश्वसहित जन्मकैद नै गर्दा अव्यावहारिक र अन्यायिक हुन जाने देखिएबाट मुलुकी ऐन, अ.वं. १८८ न.बमोजिम प्रतिवादीलाई २ वर्ष मात्र कैद हुने पुनरावेदन अदालतको रायसँग सहमत नभई १० वर्ष कैद हुने।

इजलास अधिकृत : शिबप्रसाद खनाल
कम्प्युटर : चन्द्रा तिमल्सेना
इति संवत् २०६७ साल बैशाख १५ गते रोज ४ शुभम्।

८

**मा.न्या श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको स.फौ.पु.नं. ६४८, ६५५, ००३२०, २०६६ सालको स.फौ.पु.नं. २४०, जीऊ मास्ने बेच्ने, *जली आलम वि. नेपाल सरकार, राजदेव हजारा वि. नेपाल सरकार, इजाजुल मियाँ वि. नेपाल सरकार, हुकुम गदी वि. नेपाल सरकार*

मानिस अपहरण गरी विदेश भारतमा लगी रकम लिई बिक्री गरेको कार्य तत्कालीन जीऊ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ ले निषेध गरेको आपराधिक कार्य मान्नुपर्ने हुन्छ। मानिस बेच्ने जस्तो जघन्य अपराध गरेको पुष्टि भएको र त्यस्तो अपराध रोक्न एव. अपराधीलाई सजाय गर्न बनेको विशेष ऐन कार्यान्वयनमा रहेकै अवस्थामा उक्त कानून नै आकर्षित हुने हुन्छ। विशेष अपराधमा विशेष कानून आकर्षित हुने हुँदा प्रस्तुत मुद्दामा पुनरावेदकले जिकीर लिए जस्तो केही सार्वजनिक अपराध र सजाय ऐन, २०२७ लागू हुन नसक्ने।

पुरानो र नयाँ विधिकर्ताद्वारा निर्मित कानून बाझिएको स्थितिमा जुन पछिल्लो छ त्यो लागू हुने विधिशास्त्रीय सिद्धान्त नै हो। यसैगरी न्यायाधीश निर्मित कानून अर्थात् नजीर बाझिएको भई ती समान स्तरका इजलासबाट प्रतिपादित छन् भने पछिल्लो नजीर अनुकरणयोग्य हुने न्यायिक सिद्धान्त नै हो। सार्वजनिक अपराध र सजाय ऐन, २०२७ र जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ का कुनै प्रावधान बाझिएका

भएमा समेत पछिल्लो अर्थात् २०४३ सालको ऐनको प्रावधान लागू हुने ।
इजलास अधिकृत : शिबप्रसाद खनाल
इति संवत् २०६७ साल बैशाख १५ गते रोज ४ शुभम् ।

९

**मा.न्या श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको स.फौ.पु.नं. ०६५३, ००१७, ००३३, जीउ मास्ने बेच्ने र डाँका, *राजदेव हजारा दुसाध वि. नेपाल सरकार, कमरूद्दिन मियाँ चुरीहार वि. नेपाल सरकार, इजाजुल मियाँ वि. नेपाल सरकार*

प्रतिवादीहरूको अधिकार प्राप्त अधिकारीसमक्ष भएको बयान अन्य स्वतन्त्र प्रमाणबाट सामर्थित भइरहेको र बलपूर्वक वयान गराएको भन्ने समेत पुष्टि हुन नसकेको अवस्थामा प्रमाणयोग्य हुने देखिन्छ । प्रस्तुत मुद्दा जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ अन्तर्गतको मुद्दा भएको र यस्तो मुद्दामा आफूउपरको अभियोग कसूर होइन भनी प्रमाण पुऱ्याउनु पर्ने भार प्रतिवादीमा रहने हुन्छ । प्रस्तुत मुद्दामा प्रतिवादीहरूले अदालतमा इन्कारी वयान बाहेक अन्य ठोस सबूद प्रमाण पेश गर्न सकेको देखिन्न । यसबाट प्रतिवादीहरू करिमन भन्ने राजदेव हजरा र शत्रुधन समेत भई पीडित देवेन्द्रप्रसाद केसरीलाई अपहरण गरी भारतमा लगी प्रतिवादीहरू लालबाबु भन्ने इजाजुल मियाँ समेतलाई बिक्री गरेको पुष्टि हुने ।

मानिस अपहरण गरी विदेश भारतमा लगी रकम लिई बिक्री गरेको कार्य तत्कालीन अवस्थामा प्रचलनमा रहेको कानून जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ ले निषेध गरेको आपराधिक कार्य मान्नुपर्ने ।

मानिस बेच्ने जस्तो जघन्य अपराध गरेको पुष्टि भएको र त्यस्तो अपराध रोक्न एवं अपराधीलाई सजाय गर्न बनेको विशेष ऐन कार्यान्वयनमा रहेकै अवस्थामा उक्त कानून नै आकर्षित हुने नै हुन्छ । विशेष अपराधमा विशेष कानून आकर्षित हुने हुँदा प्रस्तुत मुद्दामा पुनरावेदकले जिकीर लिए जस्तो केही सार्वजनिक अपराध र सजाय ऐन, २०२७ लागू हुन नसक्ने ।
इजलास अधिकृत : शिबप्रसाद खनाल
कम्प्युटर : चन्द्रा तिमल्सेना
इति संवत् २०६७ साल बैशाख १५ गते रोज ४ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६६-WH-००६९, बन्दीप्रत्यक्षीकरण, *सुशील देवान राई वि. महानगरीय प्रहरी परिसर हनुमानढोका, काठमाडौं, समेत*

प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी सक्षम निकाय वैदेशिक रोजगार विभागले निवेदकका पिता बसन्तकुमार देवानलाई पक्राउ गरी आफूसमक्ष उपस्थित गराई बयान गराएको तथा थप अनुसन्धानको लागि निजसँग नगद धरौट माग गरेकोमा सो दिन नसकेको अवस्थामा थुनुवा पूर्जी दिई थुनामा राखी मुद्दा हेर्ने निकायबाट सो आदेशलाई समर्थन गराई प्रथम पटक अनुसन्धान प्रयोजनको लागि दिन सातको म्याद समेत थप गरी राखिएको हिरासतलाई गैरकानूनी हिरासत मान्न नमिल्ने ।

प्रचलित कानूनले तोकेको प्रक्रिया एवं विधि अवलम्बन गरी राखेको हिरासतबाट संविधानद्वारा प्रदत्त वैयक्तिक स्वतन्त्रता अपहरण हुन सक्तैन । निवेदकका पितालाई हिरासतमा राख्ने कार्यमा अधिकारक्षेत्रात्मक वा कानूनी त्रुटि रहे भएको नदेखिँदा मुद्दाको अनुसन्धानको सिलसिलामा मुद्दा हेर्ने अधिकारीको अनुमति लिई राखिएको हिरासतलाई गैरकानूनी हिरासत मान्न नमिल्ने हुँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।
इजलास अधिकृत : हरिराज कार्की
इति संवत् २०६७ साल असार २९ गते रोज ३ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४ सालको दे.पु.नं. ०२०९, निषेधाज्ञा, *बन्दना थापा चापागाई वि. कमलमोहन चापागाई.*

मिलापत्र भइसकेको अवस्थामा उक्त मिलापत्रमा उल्लेख भएका प्रावधानहरू सम्बन्धित पक्षहरूले स्वीकार गरी सोअनुसार गर्नुपर्ने निजहरूले साझा दायित्व हुन आउँछ । सो मिलापत्रको पक्ष यी

पुनरावेदिकाका पति रहेको देखिँदा उक्त मिलापत्रअनुसारको कार्य नभएको अवस्थामा मिलापत्रबमोजिम गराई पाऊँ भन्ने अधिकार सम्बन्धित पक्षलाई रहने हुन्छ। हाल आएर साझा सम्पत्तिको रूपमा उपभोग गरी आएको बाटो, चोक, धारा पानी जस्ता वस्तुहरूमा निवेदकलाई पुनरावेदकले प्रतिवन्ध लगाउन खोज्नु कानूनसम्मत मान्न नमिल्ने।

इजालास अधिकृत : परशुराम भट्टराई
कम्प्युटरः शम्भुप्रसाद शाह
इति संवत् २०६७ साल असार ३१ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४ सालको दे.पु.नं. ०२५५, परमादेश, मालपोत कार्यालय *डडेल्धुरा वि. भक्तबहादुर सुनार*

एउटा साधिकार निकायमा न्यायको लागि आउने हक प्रत्येक व्यक्तिको हुन्छ। आफ्नो हकको लागि रीतपूर्वक आई दर्ता भएको निवेदकको निवेदनउपर कानूनबमोजिम कारवाही साधिकार निकायबाट यथोचित् समयमा निरोपण वा निर्णय हुन नसकेमा कानूनको शासनको उपहास हुन जान्छ। पुनरावेदक मालपोत कार्यालयले आफूले गर्नुपर्ने कानूनबमोजिमको कार्य समयमै गरेको देखिँदैन। त्यसकारण आफ्नो कार्यालयमा दर्ता भएको निवेदनउपर यथोचित् समयमा निर्णय नभएबाट निवेदकको नागरिक हकमा आघात परेको मान्नु पर्ने।

मालपोत कार्यालय, डडेल्धुरामा दर्ता भएको निवेदकको निवेदनकासम्बन्धमा जो जे बुझ्नु पर्ने हो बुझी बिलम्ब नगरी यथाशक्य चाँडो कानूनबमोजिम निर्णय गर्नु होला भनी मालपोत कार्यालय, डडेल्धुराका नाउँमा निवेदक मागबमोजिम परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : परशुराम भट्टराई
कम्प्युटर : शम्भुप्रसाद शाह
इति संवत् २०६७ साल असार ३१ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४-CI-०९८२, लिखत दर्ता बदर, *भैरबराज के.सी. वि. भवानी खत्री*

अंश मुद्दाबाट नै वादीको आधा अंश हक लाग्ने गरी अदालतबाट फैसला भै कार्यान्वयनको प्रक्रियामा रहेकोमा पुनरावेदकले सुनाकुमारीलाई बकसपत्र गरिदिएकोबाट अंश जस्तो नैसर्गिक हकबाट वादी बञ्चित रहन जाने अवस्था रहेबाट सो प्रतिवादीको हकहस्तान्तरणको कार्यलाई कानूनसम्मत रहेको मान्न नमिल्ने।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी
कम्प्युटर : सुदीप पंज्ञानी
इति संवत् २०६७ साल जेठ ६ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४-CR-३२३, जालसाजी, *भवानी खत्री के.सी. वि. बोधकुमारी खत्री के.सी.*

प्रमाणको अंश दपोट मुद्दामा यस अदालतबाट भएको अन्तिम फैसलाको कि.नं. ८५ को जग्गा प्रतिवादी बोधकुमारी खत्रीको निजी आर्जनको कायम गरी प्रस्तुत मुद्दाको वादी भवानी खत्रीको अंश भाग नलाग्ने ठहर भैरहेको अवस्थामा आफ्नो नाउँको निजी सम्पत्ति प्रतिवादी बोधकुमारीले आफूखुस गर्न पाउने नै हुँदा निजले मिति २०५८।२।२५ र.न.११९५९ को हालैदेखिको बकसपत्रको पारित लिखतबाट उक्त कि.नं. ८५ को जग्गा सुमित्रा लामा (के.सी.) लाई हक हस्तान्तरण गरेको कार्यलाई जालसाजी भनी ठहर गर्न कानूनतः नमिल्ने।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी
इति संवत् २०६७ साल जेठ ६ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४-CR-५३८, जालसाजी, *भैरवराज के.सी. वि.भवानी खत्री*

पुनरावेदकले जग्गा बकस गरिदिएको बकसपत्र प्राप्तकर्ता सुनाकुमारी गुरूङ्गलाई अदालतबाट पटक-पटक जारी भएको म्याद निजको नाउँमा तामेल हुन नसकेको र वादीले निजको स्पष्ट बतन खुलाउन सकेको पनि देखिन आउँदैन। यसबाट बकसबाट प्राप्त सम्पत्तिमा प्राप्तकर्ताले हक स्थापित गरी भोग गरेको भन्ने देखिन आएन। पुनरावेदक भैरवराज के.सी.ले सुनाकुमारी गुरूङ्गलाई कि.नं. २१२ को जग्गामा हालैको बकसपत्र पारित गरिदिएको कार्य जालसाजीपूर्ण भयो भनी बकसपत्र रजिष्ट्रेशन भएको मिति २०५१।१०।१५ को २ वर्ष नाघी

२०५४।११।२७ मा मात्र वादीले मुलुकी ऐन कीर्ते कागजको महलले निर्धारण गरेको हदम्यादमा फिराद नपरेको तथ्यमा विवाद छैन भने अर्कोतर्फ उक्त सम्पत्तिको आधा वादीको भाग बदर भै निजले प्राप्त गरेको अवस्थामा हदम्याद नाघी परेको फिरादलाई आधार लिई प्रतिवादीको कार्यलाई जालसाजी घोषित गरी सजाय गर्न न्याय एवं औचित्यताको दृष्टिले पनि उपयुक्त देखिन नआउने ।

हदम्याद नाघी परेको प्रस्तुत मुद्दाको फिरादबाट प्रतिवादीलाई सजाय गर्दा अदालतबाट अभ्यास भैरहेको नजीरको समेत विपरीत देखिँदा प्रतिवादी भैरवराज के.सी.लाई जालसाजीमा सजाय नहुने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६७ साल जेठ ६ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३-WO-१०७३, उत्प्रेषण, परमादेश, *योगेन्द्र साह वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लेख भएको जन्म मितिले मान्यता पाउने स्पष्ट कानूनी व्यवस्था भैरहेको अवस्थामा मान्यता नपाउने १ पाने सिटरोलमा लेखिएको जन्ममितिका आधारमा मन्त्रिपरिषद्को मिति २०६३।४।१ को नीतिगत निर्णय र निजामती किताबखानाको मिति २०५३।११।६ को पत्र समेतबाट निवेदकलाई अवकाश दिलाएको कानूनसम्मत नदेखिँदा उल्लिखित निर्णय तथा पत्र समेत उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब निवेदकले सेवा प्रवेश गर्दा पेश गरेको एस.एल.सी. को सर्टिफीकेटमा उल्लेख भएको जन्ममिति १४ फेब्रुअरी १९५३ बाट निजको उमेर गणना गर्नु र निवेदकलाई निज कार्यरत् रहेको पदमा यथावत् कामकाज गर्न दिनु र अवकाश दिएको भनिएको मिति २०६४।२।२९ देखि हालसम्म निजले पाउने तलब भत्तालगायतका सुविधा नलिएको भए सो समेत दिलाउने भनी विपक्षीहरूका नाममा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल
कम्प्युटर : सुदिप पंज्ञानी
इति संवत् २०६७ साल जेठ १८ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. ०८५३, परमादेश समेत, *जीतेन्द्र खनाल वि. माधवप्रसाद शर्मा समेत*

निवेदकलाई काजमा कामकाज गर्न खटाउने अधिकारीबाट नै निवेदकको काज फिर्ता भएको देखिँदा त्यस्तो कार्यलाई कानूनप्रतिकूल भन्न मिल्ने देखिएन । निवेदक दावीअनुसारको रिट जारी गर्न नमिली खारेज हुने ।

इजलास अधिकृत : परशुराम भट्टराई
कम्प्युटर : शम्भुप्रसाद शाह
इति संवत् २०६७ साल असार २९ गते रोज ३ शुभम् ।

- यसमा यस्तै प्रकृतिको २०६५ सालको रिट नं. ०८८२, उत्प्रेषण परमादेश, *श्यामसिंह बस्नेत वि. निजामती किताबखाना समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

८

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको रिट नं. ००९९, उत्प्रेषण मिश्रित परमादेश, *केशबबहादुर खड्का वि. जिल्ला प्रशासन कार्यालय सुर्खेत समेत*

कानूनले हर्जाना तिरी नवीकरण गर्ने अवधिसम्मलाई त्यस्ता संस्थाहरू नियमित रूपमा चलिरहेको मान्नु पर्ने भई त्यस्ता संस्थाले गरेको कार्य संस्थाको विधानबमोजिम नै भएको मान्नु पर्ने हुन्छ । मध्यपश्चिम क्षेत्रीय निर्माण व्यवसायी संघले २०६५ असार मसान्तसम्म नवीकरण गराएको र ३ महिना अवधिबमोजिम मिति २०६५।५।२० गतेमा नवीकरण गरेको देखिँदा त्यसबीचमा भएका कार्यहरूलाई नियमसम्मत नभएको भन्न नमिल्ने ।

इजलास अधिकृत : अम्बिका निरौला
कम्प्युटर : शम्भुप्रसाद शाह
इति संवत् २०६७ साल असार २१ गते रोज २ शुभम् ।

## इजलास नं. १०

१

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या.श्री मोहनप्रकाश सिटौला**, २०६३ सालको दे.पु.न. ०१३७, हक कायम, *रत्नबहादुर प्रधान समेत वि. शंकरबहादुर प्रधान समेत*

सबै अंशियारहरूको सहमतिमा नामसारी दर्ताका लागि साधिकार निकायमा प्रक्रिया अघि बढाई प्रतिवादीहरू समेतले मालपोत कार्यालय ललितपुरमा मिति २०४५।१२।२१ मा निवेदन दिई सनाखत गरी कि.नं. ७८, ५१, ५८ र १२ का जग्गाहरू प्रतिवादीहरूले आफ्नो नाममा दर्ता गरी खरीद बिक्री समेत गरेको देखिएकोमा निवेदनअनुसारकै जग्गा आफ्ना नाममा दर्ता गरिसकेपछि बाँकी रहेका विवादित कि.नं. २६४ र २६७ का जग्गाहरू समेतमा आफ्नो समेत हक लाग्ने भन्ने प्रतिवादी पक्षको जिकीर मिति २०४५।१२।२१ को दावी छाडेको सनाखत लिखतको विपरीत देखिने ।

इजलास अधिकृत : अम्बिका निरौला

इति संवत् २०६७ साल भदौ ७ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६० सालको दे.पु.न. ९५४४, २०६५ सालको दे.पु.न. ८१०, अंश दपोट, *सीता सिंह मल्ल वि. मञ्जूकुमार सिँह मल्ल, मञ्जूकुमार सिँह मल्ल वि.सीता सिंह मल्ल*

दावीको जग्गा प्रतिवादी सीता सिंह मल्लको निजी देखिएको, सगोलको जग्गा कुनै पनि प्रमाणबाट नदेखिएको र निजी स्रोतबाट प्राप्त जग्गा बण्डा लाग्न नसक्ने अवस्था एकातिर देखिन्छ भने अर्कोतिर वादी प्रतिवादीका बीच अंश मुद्दा परी तायदाती फाँटवारी मागिएको अवस्था नभई वादी र प्रतिवादीले बण्डापत्र खडा गरी सम्बन्धित मालपोत कार्यालयबाट पारीत गराई आ-आफ्नो अंश लिनुदिनु गरेको देखिएकोले यस्तो अवस्थामा अंशबण्डाको २७ नं. को कानूनी व्यवस्थाले अंश दपोट गरेको भन्न नमिल्ने ।

इजलास अधिकेत : भोलानाथ ढकाल

कम्प्युटर : धनबहादुर गुरूङ्ग

इति संवत् २०६६ साल माघ १९ गते रोज ३ शुभम् ।

यसमा यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसै अनुसार फैसला भएका छन् :

- २०६५ सालको दे.पु.नं. ६६१, जालसाजी, *मञ्जूकुमार सिह मल्ल वि. सीता सिँह मल्ल समेत*
- २०६५ सालको दे.पु.न. ८११, लिखत बदर, *मञ्जूकुमार सिँह मल्ल वि.सीता सिंह मल्ल*

३

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या.श्री सुशीला कार्की,** २०६५ सालको दे.पु.नं. ०२५४, बण्डा मुचुल्का चलन पूर्जी समेत बदर, *बिमलहरि अमात्य वि.फूलमाया बराइली समेत*

प्रतिवादी फूलमाया बराइलीले अंशबापत जग्गा प्राप्त गरी चलन पुर्जी समेत प्राप्त गरी सकेको देखिँदा त्यस्तो चलन पूर्जी पाएको जग्गामा चलन पाउनेको भोग कब्जालाई इन्कार गर्न नमिल्ने हुँदा वादी दावी लिएबमोजिम कि.नं. २६ को ०-५-० जग्गाको उत्तरपश्चिमबाट ०-०-७ मात्र अंश चलन पाएको प्रतिवादीउपर जग्गा खिचोलातर्फ विवाद उठाउन नसकेको र प्रतिवादीले अंशबापत पाएको ०-०-७ जग्गा वादीले पाएको बकसपत्र भित्रको हो भन्ने कुरा यकीन रूपले प्रमाणित हुन सकेको नदेखिएको अवस्था समेतको आधारमा वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृत : खड्गबहादुर गुरूङ्ग

इति संवत् २०६६ साल चैत २३ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या.श्री प्रकाश वस्ती,** २०५९ सालको दे.पु.नं. ७९२२, बाली दिलाई मोही निष्काशन, *जनार्दन राय अमात वि. कमलीदेवी राय अमातनी*

भुमिसम्बन्धी ऐन, २०२१ को चौथो संशोधनले मोहीको हकलाई सुरक्षित बनाउने उद्देश्य राख्दै मोही कायम भएको जग्गा मोही र जग्गाधनी बीच बाँडफाँड गर्नुपर्ने कानूनी व्यवस्था समावेश गरिएबाट आधा जग्गामा मोहीको हक सुरक्षित गर्ने भन्ने ऐनको मनसाय प्रष्ट रूपमा रहेको देखिन्छ । भूमिसम्बन्धी ऐन, २०२१ मिति २०५३।९।२४ मा भएको चौथो संशोधन लागू भई अस्तित्वमा आएको करीब २ वर्षपछि मात्र २०५५ सालको बाली नबुझाएकोले बाली दिलाई मोही निष्काशन गरिपाऊँ भनी दावी गरेको देखिँदा एक वर्षको कुत नबुझाएको भन्ने आधारमा मात्र मोहीलाई मोही हकबाट निष्काशन गर्न न्यायसंगत एवं संशोधित कानूनी व्यवस्थाको भावनाअनुरूप नहुने ।

इति संवत् २०६७ साल साउन २४ गते रोज २ शुभम् ।

- यसमा यसै प्रकृतिको २०५९ सालको दे.पु.नं. ७९२४, बाली दिलाई मोही निष्काशन, *जनार्दन*

*राय अमात वि. कालीचरण चौधरी* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

५

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या.श्री प्रकाश वस्ती,** २०६१ सालको दे.पु.नं. ९२२९, जग्गा खिचोला, *रामवती थरूनी समेत वि. रोशनारायण थान्दार समेत*

जग्गा खिचोलामा दावी गर्न पहिला त्यस्तो सम्पत्तिमा दावी गर्ने व्यक्तिको हक स्थापित भएको हुनुपर्दछ। आफ्नो नाममा दर्ता भई हक स्थापित नै हुन नआएको जग्गामा खिचोला गरेको भन्ने दावी लिई फिराद गर्न मिल्ने नदेखिने।

जग्गा कुनै व्यहोराबाट हक हस्तान्तरण गर्न पहिला त्यस्तो सम्पत्तिमा हक हस्तान्तरण गर्ने व्यक्तिको हक स्थापित भएको हुनुपर्दछ त्यसपछि मात्र त्यस्ता लिखतको कानूनी अस्तित्व र मान्यता रहन्छ। विवादित जग्गामा वादीमध्येका रामवतीका बाबु हुमनको हक नै स्थापित भई नसकेको अवस्थामा त्यस्तो व्यक्तिले गरिदिएको भनेको कथित शेषपछिको लिखतका आधारमा गरिएको दावी नै कानून विपरीतको देखिने।

इजलास अधिकृत : दीपक ढकाल

इति संवत् २०६७ साल साउन २३ गते रोज १ शुभम्।

- यसमा यसै लगाउको २०६१ सालको दु.फौ.न. ३४६०, जालसाजी, *रामवती थरूनी समेत वि. रोशनारायण थान्दार समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

६

**मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५-WO-६४९, उत्प्रेषणयुक्त परमादेश, *कृष्णदेव राय यादव वि. प्र.म. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

प्रमाणीकरण नियन्त्रकको कार्यालयमा दरबन्दी नै सिर्जना नभएको अवस्थामा निवेदकलाई कामकाज गर्न खटाएकै कारणले पाँच वर्षसम्म कामकाज गर्न पाउने हकाधिकारको सिर्जना हुने भन्ने निवेदन दावी कानूनसम्मत नदेखिने।

स्वीकृत दरबन्दीअनुसार राजपत्राङ्कित प्रथम श्रेणीको सिर्जना भइसकेको स्थितिमा राजपत्राङ्कित प्रथम श्रेणी सरहको तलब र सुविधा पाउने गरी कामकाज गर्न तोकिएको द्वितीय श्रेणीको अधिकृत निवेदकले स्थायी रूपमा सो पदमा रहने अधिकार आफूमा रही रहेको भन्ने दावी न्यायिक एवं औचित्यताको दृष्टिकोणले समेत उपयुक्त नदेखिने।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६७ साल असार २७ गते रोज १ शुभम्।

७

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री सुशीला कार्की,** २०६५-CR-००४१, जबर्जस्ती करणी, *मानध्वज थिङ्ग वि. नेपाल सरकार*

पीडितको कन्याजाली च्यातिएको परीक्षण प्रतिवेदनबाट देखिएको अवस्थामा योनीमा वीर्य तथा शुक्रकीट फेला नपरेको कारणले मात्र यी प्रतिवादी निर्दोष हुन् भन्न नमिल्ने।

इजलास अधिकृत : दीपक ढकाल

इति संवत् २०६७ साल साउन २० गते रोज ५ शुभम्।

८

**मा.न्या.श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३ सालको OR-०२८२, अदालतको अपहेलना, *रत्नबहादुर भाम समेत वि. टोपबहादुर रावल*

अदालतको आदेशलाई अपहेलना गर्ने आफ्नो कुनै मनसाय पनि नभएको र गर्ने पनि छैन तर रोक्का जग्गा फुकुवा नभएसम्म दर्ता हुने नहुने प्रक्रिया शुरू गर्न जग्गा प्रशासन निर्देशिका, २०६० बमोजिम नमिल्ने हुँदा निवेदन दरपीठ गरेको हो भन्ने उल्लेख भएबाट अदालतको आदेश अवज्ञा गरी अपहेलना गरेको भन्न मिलेन। अदालतको अपहेलना हुने कुनै कार्य भएमा सोको वस्तुनिष्ठ रूपमा प्रमाणित हुनु पर्दछ। यो यति कारणले आदेशको अवज्ञा गरेको भन्ने दावी निवेदकले पुष्टि गर्न नसकेको हुँदा निवेदनको आधारमा मात्र अदालतको अपहेलना जस्तो गम्भीर अपराधमा सजाय गर्न न्यायको दुष्टिले मनासिब नहुने।

इजलास अधिकृत : अम्बिका निरौला

इति संवत् २०६७ साल असार ३ गते रोज ५ शुभम्।